# तपाईंले नचिनेको जाति



## प्रार्थना पुस्तिका

**(तिब्बतीहरूको लागि प्रार्थना गर्न सहयोगी पुस्तिका)**

"हेर, जुन जातिलाई तिमी चिन्दैनौ, त्यसैलाई तिमीले बोलाउनेछौ, अनि जुन जातिहरूले तिमीलाई चिनेका छैनन्, तिनीहरू परमप्रभु तिम्रा परमेश्वरको कारणले, अँ, इस्राएलका पवित्र जनको कारणले तिमीकहाँ दगुरी आउनेछन्; किनकि उहाँले तिमीलाई महिमित तुल्याउनुभएको छ।" यशैया ५५:५

**प्रकाशक**
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे, सिन्धुपाल्चोक,**
**नेपाल**

**Visit us @ www.togmission.com**

अनुवाद र बनोट : के.एम.दास
टाइपिङ्ग : सहदेव श्रेष्ठ

पहिलो प्रकाशन : वि.सं. २०७७ ( 2020 A.D.)
प्रति : १०००

**स्वीकृति**
यो किताब "अपरेसन चाइना (Operation China)" र "पिपल अफ बुद्धिष्ट वर्ल्ड (People of Buddist world)" किताबहरूमा भएको विवरणहरूलाई प्रकाशकको अनुमति लिएर अनुवाद गरेर तयार गरेको हो। माथि दिइएको किताबहरू पाल हट्टावेद्वारा (Paul Hattawy) तयार भएर पिकन्ड एडिसन (Piquant Editions) मार्फत प्रकाशन भएको हो।

Front Cover Photo: Monks in Sera Monastery, Lhasa © Antoine Taveneaux
Back Cover Photo : Namtso Lake near Lhasa © Antoine Taveneaux

Resources found in this book can be used only for noncommercial purposes. © All rights reserved.

# सूची


धन्यवाद iv
भूमिका v
तिब्बत vi
प्रुक्पा अम्थो (Amdo Hbrogpa) ७
रोङ्पा अम्थो (Amdo Rongba) ८
रोङ्मा प्रुक्पा अम्थो (Amdo Rongmahbrogpa) ९
ताहू अम्थो (Amdo Rtahu) १०
पैमा (Baima) ११
पोलोज (Bolozi) १२
एरकोङ् (Ergong) १५
अर्शु (Ersu) १६
कोलो (Golog) १७
क्रोमा (Groma) १८
कोइंचियोङ् (Guiqiong) १९
छङ्कुर (Hdzanggur) २०
चपाव् च्यारोङ् (Jiarong Chabao) २१
क्वानयिङ्च्याव् च्यारोङ् (Jiarong Guanyingqiao) २२
शङ्चै च्यारोङ् (Jiarong Shangzhai) २५
सितापा च्यारोङ् (Jiarong Sidabao) २६
सिथु च्यारोङ् (Jiarong Situ) २७
पूर्वी खम्पा (Khampa Eastern) २८
उत्तरी खम्पा (Khampa Northern) २९
दक्षिणी खम्पा (Khampa Southern) ३०
पश्चिमी खम्पा (Khampa Western) ३१
केरोङ् (Kyerung) ३२
लद्दाखी (Ladakhi) ३३
ल्होमी (Lhomi) ३४
मन्याक (Manyak) ३५
मनिया (Menia) ३८
मिन्यक (Minyak) ३९
नमुई (Namuyi) ४०
उत्तरी पूमी (Pumi Northern) ४१
पुरिक (Purik) ४२
छुएयु (Queyu) ४३
शेर्पा (Sherpa) ४४
सीशिङ् (Shixing) ४५
पोयु तिब्बती (Tibetans Boyu) ४६
मध्य तिब्बती (Tibetans Central) ४७
केसङ् तिब्बती (Tibetans Gtsang) ५०
चोनी तिब्बती (Tibetans Jone) ५१
न्डारी तिब्बती (Tibetans Nghari) ५२
शाङ्ग्रि-ला तिब्बती (Tibetans shangri-La) ५३
शन्यन तिब्बती (Tibetans Shanyan) ५४
चुक्छ्यु तिब्बती (Tibetans Zhughu) ५५
तिनन (Tinan) ५६
श्यङ्छङ् (Xiangcheng) ५७
योङ्ची (Yonzhi) ५८
छपा (Zhaba) ६०

# धन्यवाद

यो सेवालाई सुरु गर्न अगुवाइ दिनुभएको र सबै ज्ञान र अनुग्रहको स्रोत हुनुभएको परमेश्‍वरलाई हामी सर्वप्रथम धन्यवाद दिन चाहन्छौँ, र उहाँकै पाउमा यो किताबलाई समर्पण गर्दछौँ।

यो किताबको स्रोत 'अपरेसन चाइना' र 'पिपल अफ बुद्धिस्ट वर्ल्ड' किताबहरूको लेखक र एसिया हार्वेस्ट संस्थाको निर्देशक पाल हट्टावेलाई (Paul Hattaway), कुनै पनि सर्तविना आफ्नो किताबको भागहरूलाई अनुवाद गर्न अनुमति दिएर उत्साह दिनुभएको लागि हाम्रो हृदयबाट नै धन्यवाद दिन चाहन्छौँ। उहाँले धेरै वर्षहरूको प्रयासद्वारा जानकारीहरू सङ्कलन गरी माथि उल्लेख गरिएको किताबहरूलाई प्रकाशन गर्नुभएको थियो।

यो किताबलाई चाहेको लेखोट र तस्बिरहरूलाई पाउन महत्त्वपूर्ण सहायता पुऱ्याउनुभएको पिटर क्वान्तलाई (Peter Kwant) पनि हामी धेरै-धेरै धन्यवाद दिन चाहन्छौँ। यो किताबलाई सुधार्न, असल तुल्याउन सल्लाह र समय दिनुभएका व्यक्तिहरूप्रति पनि हामी धन्यवादी छौँ; उहाँहरूको सहायताविना यो किताब पूर्ण हुन सक्दैनथ्यो; परमेश्‍वरले उहाँहरूलाई आशिष् दिनुभएको होस् भनी हामी प्रार्थना गर्दछौँ।

अन्तमा यो कामलाई सफल तुल्याउन साथ दिनुभएको हाम्रो परिवारहरूको सहायतालाई पनि यहाँ उल्लेख गर्नु अति आवश्यक छ।

**परमेश्वरलाई नै महिमा होस्।**

### किताबमा भएको विवरणहरू :

तिब्बतीहरू आफूलाई जातिको रूपमा छुटाउने कुरालाई स्वीकार गर्दैनन्, तर चीनको सरकारले यिनीहरूलाई भाषाको आधारमा जातिहरूको रूपमा छुटाएको छ; यसको आधारमा नै यो किताबमा तिब्बतीहरूको विवरण छुटाएर दिएको छ। यो किताबमा भएको जाति र ठाउँको नामहरूको उच्चारण खास उच्चारणभन्दा कुनै-कुनै ठाउँमा अलिकति फरक हुन सक्छ, तापनि हामीले सक्दो प्रयास गरेका छौँ। साथै किताबमा भएको कुनै विवरणहरू वर्तमान समयको नभएर अलि अघिको हुन सक्छ।

बाइबल, येशूको चलचित्र र सुसमाचारीय रेकर्डिङहरू त्यो जातिको भाषामा छ कि छैन भन्ने कुरा संक्षेपमा देखाइएको छ। ROPAL (Registry of People And Languages) कोड, प्रान्तीय भाषाहरूलाई छुटाएर देखाउनको लागि दिइएको छ। हरेक जातिको विवरणहरूमा उनीहरू बसोबास गर्ने ठाउँ त्यो पानामा दिएको नक्सामा कालो चिन्ह लगाएर देखाएको छ।

### रेखाचित्रमा भएको रङको अर्थ

रातो : सुसमाचार नसुनेकाहरू

निलो : सुसमाचार सुनेका तर विश्वास नगरेकाहरू

हरियो : कुनै पनि एउटा इसाई सम्प्रदायलाई पछ्याउनेहरू

# भूमिका

“तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, **तर अन्त्य त त्यत्ति नै बेला हुँदैन.....**

अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, **त्यसपछि अन्त्य आउनेछ।**” मत्ती २४:६-१४

ख्रीष्ट येशूको आगमन जतिखेर पनि हुन सक्छ भन्ने कुरा सत्यता भए तापनि त्यो दिन आउनको लागि एउटा सर्त पनि छ भन्ने कुरा माथि दिइएका वचनहरूले देखाउँदछ; त्यो, सुसमाचार सबै जातिहरूको बीचमा प्रचार गरिनु हो। त्यसपछि मात्र उहाँको दोस्रो आगमन हुनेछ।

यरूशलेम र सामरिया उद्धार नपाएको हुँदा–हुँदै, ख्रीष्टले आफ्नो चेलाहरूलाई विश्वभरि जाने महान् आज्ञा दिनुभयो। त्यो आज्ञाको परिणामस्वरूप यो २००० वर्षहरूभित्र ख्रीष्टको सन्देश प्रायः धेरै वटा राष्ट्रहरूमा पुगिसक्यो। नेपालमा सेवा गर्न मिशनरीहरू पश्चिमेली राष्ट्र र भारतबाट आउँदा उहाँहरूको आफ्नै राष्ट्रमा पनि उहाँहरूको सेवाको खाँचो थियो, तापनि उहाँहरूले परमेश्वरको आवाजलाई सुनेर हाम्रो देशमा आउनुभयो र हामीले उद्धार पायौँ। आज हामी नेपालले उद्धार पाओस्  त्यसपछि अरू ठाउँहरूमा जाऔँला भनी पर्खिरहन्छौँ भने, हामी ख्रीष्टको हृदयलाई नबुझेकाहरू हुन्छौँ। ख्रीष्टलाई र उहाँको आगमनलाई इच्छा गर्ने हरेकले मिशन काममा सहभागी हुनै पर्दछ।

हामी ३ वटा तरिकाले मिशन काममा सहभागी हुन सक्छौँ। पहिलो, मिशनरीको रूपमा गएर, दोस्रो, मिशन कामको लागि प्रार्थना गरेर, अनि तेस्रो, मिशन कामको लागि दिएर। परमेश्वरले तपाईंलाई जुन तरिकाले सहभागी हुनको लागि अगुवाइ दिनुहुन्छ, त्यही तरिकाले सहभागी हुनुहोस्। हजारौँ वर्षहरूदेखि अन्धकारमा जिएर मरिरहेका तिब्बतीहरूलाई येशू चिनाउन नेपालीहरूलाई तयार पार्नु नै यो किताबको लक्ष्य हो।

एन्टिओखिया सहर पूर्ण रूपमा उद्धार नपाएको हुँदा–हुँदै “मेरो निम्ति बारनाबास र शाऊललाई यस कामको लागि अलग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु।” भनी बोल्नुभएको पवित्र आत्माले तपाईंहरूको हृदयमा काम गरून्।

# तिब्बत

संसारको छाना भनी कहलाइने तिब्बत हजारौँ वर्षहरूदेखि अन्धकारमा रहेको भू–भाग हो। दुष्टात्माको बन्धन, र धर्म र दासत्वहरूको बन्धनमा जिइरहेका यी मानिसहरूकहाँ ख्रीष्टको सन्देश लैजानुमा धेरै बाधाहरू छन्। कठोर जाडो, उच्च पहाडहरू र अन्य राजनीतिक अवस्थाहरूले यिनीहरूलाई धेरै शताब्दीहरूदेखि नै अलग पारेको छ।

सन् १९५० भन्दा अघिसम्म कुनै मिशनरीहरूले तिब्बतमा काम गरेका थिए। तर यिनीहरूले फल नपाएको अवस्थामा नै जीवनलाई बलिदानको रूपमा अर्पण गरे; यसमा कर्तार सिंह र साधु सुन्दर सिंह पनि पर्छन्। अहिले तिब्बतमा सुसमाचार प्रचार गर्न अथवा मण्डली स्थापना गर्न कुनै अनुमति छैन, र सबै प्रकारको सुसमाचारको ढोकाहरू बन्द भएको अवस्था छ।

यसरी नचिनिएको अवस्थामा जिइरहेका तिब्बतीहरूको समाजहरूलाई नेपाली इसाई समाजको माझमा चिनाउनको लागि यो किताबमा तिब्बतीहरूको विवरणहरू दिइएको छ। तिब्बतमा सुसमाचारको ढोका खोल्न र परमप्रभुले खेतालाहरू पठाइदिन र तिब्बतीहरूको बन्धनहरू तोडिन प्रार्थना गर्नु र आँसु बहाउनु, छिमेकी भएको नाताले हाम्रो कर्तव्य हो।

**प्रार्थनाका विषयहरू :**

१. तिब्बतीहरूको बीचमा सुसमाचारको ढोका खोलिनको लागि (यशैया ४५:२, कलस्सी ४:३–४)

२. तिब्बतीहरूको हृदयलाई बाँध्ने अन्धकारको पर्खाल र ढोकाहरू निर्मूल हुनको लागि (यशैया ४५:३, २ कोर. ४:४, १०:४–५)

३. तिब्बतीहरूमा परमेश्वरको क्षमाको लागि (१ तिमोथी २:१–४)

४. यो अति कठिन सेवाको लागि परमेश्वरले नै समर्पित सेवकहरू तयार गरून् भनी (लूका १०:२)

५. तिब्बतीहरूको हृदय परिवर्तन भएर आफ्नो उद्धारको सुसमाचारलाई ग्रहण गरून् भनी (तीतस ३:३–६)

६. पवित्र आत्माको अभिषेक तिब्बतीहरूमाथि खन्याइनको लागि (योएल २:२८–२९)

**(हरेक जातिको तस्बिरमाथि हात राखेर यी विषयहरूको लागि प्रार्थना गरिदिनुहोला !)**




**Population:**
583,700 (2000)
719,200 (2010)
886,000 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 100

**संक्षेप:**

**अन्य नामहरू:** Brogpa, Made, Anduo, Ngambo

**जनसंख्या:**
चीन: १३,६५,००० (PeopleGroups.org)

**भाषा-परिवार:** चीनी-तिब्बती, तिब्बती-बर्मी, भोटी, भोटिया, उत्तरी तिब्बती भाषा

**उपभाषाहरू:** १५

**बुद्ध धर्म:** ९९%


**इसाई धर्म:** ०.१%

**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारिय रेकर्डिङ:** अम्थो, शङ्, अन्थो

**ख्रीष्टिय प्रसारण:** छैन




करिब १३ लाख अम्थो मानिसहरू प्रुक्पा भाषा बोल्दछन्। यिनीहरू विशाल क्षेत्रफल र पातलो जनसङ्ख्या भएको पूर्वी चिङ्गहाइ प्रान्तमा चिङ्गहाइ–कन्सुको सिमानासम्म बस्दछन्। यिनीहरू थोरै सङ्ख्यामा दक्षिण–पश्चिमी कन्सु प्रान्त र उत्तरी शिचुआनको नजिकको केही भागहरूमा पनि बसोबास गर्छन्।

प्रुक्पा भन्ने शब्दको अर्थ फिरन्ते गोठाला हो र अम्थो जातिले बोल्ने चार वटा मुख्य भाषाहरूमा अधिकांश मानिसहरूले बोल्ने भाषाको नाम पनि हो। यिनीहरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएको छ।

सन् १९४९ को अघि धेरै वटा ख्रीष्टिय संस्थाहरू अम्थोहरूको बीचमा काम गर्दै आएका थिए। सन् १८८८ मा चीन इङ्ल्याण्ड मिशनको मिशनरी शिशील पोहेल (Cecil Pohil) ले शिनिङ्ग (Xining) भन्ने ठाउँमा सेवा सुरु गर्नुभयो। त्यसपश्चात् तिब्बतीय सेवाहरूको केन्द्रको रूपमा सोङ्गपान (Songpan) लाई छानेर काम गर्न थाल्नुभयो। सन् १९२२ मा प्रकाशित विवरणमा यसरी लेखिएको थियो, "मानिसहरूको मन जित्न सकिरहेको छ, र धेरैले उद्धारको बारेमा स्पष्ट रूपमा बुझ्न पाएका छन्।" सन् १९८६ को विवरणमा यसरी लेखिएको थियो। "चीनको नयाँ वर्षको दिनमा कन्सु प्रान्तको केही ख्रीष्टिय परिवारहरू आराधनाको लागि भेला भए। उनीहरूको छिमेकीहरूले इसाईत्त्वलाई




जरासहित उखेल्ने विचार लिएर उनीहरूलाई त्यहाँबाट निस्की जान आज्ञा गरे। तर तिनीहरूले आराधनाको सेवालाई नरोकेको देखेर त्यो भीडले तिनीहरूलाई कठोर तरीकाले आक्रमण गऱ्यो। भोलिपल्ट बिहान त्यो आक्रमण गर्नेहरूको भेडा–बाख्रा र घोडाहरू मर्न थाले र तिनीहरूको परिवारको सदस्यहरू पनि एकपछि अर्को गरी मर्न थाले। परमेश्वरको क्रोध आफूहरूमाथि आएको थाहा पाएर, तिनीहरू इसाईहरूकहाँ आएर आफ्नो लागि प्रार्थना गरिदिन बिन्ती गरे। परमेश्वरले उहाँहरूको प्रार्थना सुन्नुभयो, बिरामीहरू र मृत्युको मुखमा पुगेकाहरू पनि निको भए। यसको परिणामस्वरूप १०० जना अम्थोहरूले उद्धार पाए।" यी दिनहरूमा अम्थो तिब्बतीहरूको बीचमा करिब पाँच वटा सानो मण्डलीहरू छन्। दक्षिणी कन्सुको लिन्यन् जिल्लामा भएको एउटा मण्डलीमा २०० जना चोनी तिब्बतीहरू आराधनाको लागि भेला हुन्छन्।

# रोङ्पा अम्थो (Amdo, Rongba)




करिब १,६३,००० जना रोङ्पा अम्थो भाषा बोल्ने मानिसहरू चिङ्हाइ प्रान्तमा बसोबास गर्छन्। यो प्रान्तको सहरी भागहरूमा प्रायजसो हान चिनियाँहरू र मुसलमानहरू बसोबास गर्छन्। रोङ्पा अम्थो मानिसहरू सरुवा गोठालाहरू भएकाले गाउँहरूमा बसोबास गर्छन्। रोङ्पा अम्थो मानिसहरूको मुख्य वासस्थानचाहिँ हुई मुसलमानहरूको हुअलोङ् जिल्ला र शलर जाति मानिसहरूको शुन्हा जिल्लाहरू हो।

रोङ्पा अम्थो मानिसहरू तिब्बतीहरू हुन्। तिब्बती भाषामा रोङ्पाको अर्थचाहिँ "गाउँले" अथवा "किसान" हो। सयौँ वर्षदेखि अम्थोहरू तिब्बत-चीन सिमानाको आसपास घुमफिर गरिरहन्थे। प्रायजसो रोङ्पा अम्थोहरू बाहिरी संसारको बारेमा सोच फिक्री नगर्ने स्वभाव भएकाहरू हुन्। यिनीहरू तिब्बतीय नयाँ वर्षलाई तिब्बतीय पात्रोअनुसार फेब्रुअरी महिनामा मनाउने गर्छन्। यो बेला परिवार र आफन्तहरू भेला भएर विगतको सालको घटनाहरूलाई सम्झिने र रमाउने समय हो।

रोङ्पा अम्थो तिब्बतीहरू तान्त्रिक बुद्ध धर्म भनिने तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्। यो बुद्ध धर्मको एउटा आश्चर्यजनक लक्षणचाहिँ देख्न नसक्ने एउटा स्वरूपलाई ध्यान गर्नु हो। तान्त्रिक गुरुले हरेक चेलालाई ध्यान गर्नको लागि एउटा भगवान्‌लाई दिन्छन्। यी भगवान्‌हरू प्रायः क्रोधित भूतहरूका स्वरूप भएका हुन्छन्। यिनीहरूले त्यो चेला जन्म चक्रबाट छुटकारा पाउन सहायता गर्नुपर्छ। उसले त्यसलाई ध्यान गर्दा त्योजस्तै आफू बदल्न प्रयास गर्दछ।

रोङ्पा अम्थो मानिसहरूको बीचमा चिनिएको इसाईहरू दस जना मात्र छन्। यो जातिको मानिसहरूले आफ्नो जातिको बीचमा सुसमाचार ल्याउनु कठिन काम भनी प्रमाणित गरेका छन्। मिशनरी शताब्दीहरूमा (यो सन् १९५० मा चीनमा कम्युनिस्ट शासन आउने बेलासम्म थियो।) यो भू-भागमा द ख्रीष्टियन एण्ड मिशनरी एलायन्सको मिशनरीहरू काम गरिरहेका थिए। तर रोङ्पा अम्थो मानिसहरूको बीचमा थोरै काम मात्रै भयो। विगतको कुनै वर्षहरूदेखि चिनियाँ प्रार्थना घरहरूबाट यिनीहरूको बीचमा सुसमाचार प्रचारकहरूलाई पठाउन थालेको थियो, तर तिनीहरूले थोरै मात्र फल पाए।




**Population:**
127,000 (2000)
156,500 (2010)
192,700 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 10

## संक्षेप:

**अन्य नामहरू:** Rongba , Rongpa

**जनसंख्या:** चीन : १,६३,००० (Joshua Project)

**भाषा-परिवार:** चीनी-तिब्बती, तिब्बती-बर्मी, भोटी, भोटिया, उत्तरी तिब्बती भाषा

**उपभाषाहरू:** २

**बुद्ध धर्म:** ९९%

**इसाई धर्म:** ०.१%


**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन

**सुसमाचारको अवस्था**






**Population:**
146,800 (2000)
180,800 (2010)
222,700 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 20

## संक्षेप:

**अन्य नामहरू:** Made, Labrang, Amdo, Rongmahbrogpa

**जनसंख्या:**
चीन : १,८९,०००
(Joshua Project)

**भाषा-परिवार:** चीनी-तिब्बती, तिब्बती-बर्मी, भोटी, भोटिया, उत्तरी तिब्बती भाषा

**उपभाषाहरू:** २

**बुद्ध धर्म:** ९९%


**इसाई धर्म:** ०.१%

**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन




इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार १,८९,००० जना रोङ्मा प्रुक्पा भाषा बोल्ने मानिसहरू चीनमा छन्। कन्सु प्रान्तको दक्षिण–पश्चिमी भागमा पर्ने श्याहा नगर यिनीहरूको मुख्य वासस्थान हो। यो भाषा, नजिकमा रहेको चिङ्गहाइ प्रान्तको तङ्गरेण जिल्लामा पनि बोलिन्छ।

जाति र संस्कृतिमा रोङ्मा प्रुक्पा मानिसहरू तिब्बतीहरू भए तापनि यिनीहरू अन्य तिब्बतीहरूभन्दा भिन्नै भाषा बोल्दछन्। रोङ्मा प्रुक्पा भन्ने तिब्बतीय शब्द रोङ्मा (जसको अर्थ गाउँले अथवा किसान) र प्रुक्पा (जसको अर्थ घुमन्ते अथवा गोठाला) भन्ने शब्दहरू जोडिएर बनेको हो।

रोङ्मा प्रुक्पा भाषामा दुई अथवा त्योभन्दा बढी प्रान्तीय बोलीहरू छन्। यो भाषा पश्चिमी–भोटी भाषामा पर्ने तिब्बतीय भाषा हो। तिब्बतीहरू एक–अर्काको भाषालाई बुझ्न नसकिए तापनि एउटै लिपिलाई प्रयोग गर्छन्।

अम्थोहरू बाहिरी रूपमा तिब्बतीय बुद्ध धर्म माने तापनि अहिलेको समयहरूमा पुरानो बोन धर्म उनीहरूको बीचमा फेरि सक्रिय हुन थालेको छ। बोन धर्म भूतात्माहरू र तान्त्रिक गुरुहरूमा केन्द्रित भएको धर्म हो। बलि चढाउनु, आत्माहरूको क्रोधलाई हटाउन मन्त्र तन्त्र गर्नु र रोगीहरूलाई निको पार्नु, यो तान्त्रिक गुरुहरूको काम हो। कुनै विशेष अनुभव भएको गुरुहरू बेहोस अवस्थामा आत्माहरूको




संसारमा लगिएर ती आत्माहरू प्रकट हुने माध्यम बन्छन् र यो तान्त्रिक गुरुहरूसँग–सँगै समाजमा मन्त्र गर्नेहरू, र रोग निको पार्ने काम गर्नेहरू पनि हुन्छन्।

द ख्रीष्टियन एण्ड मिशनरी एलायन्सले सन् १९२० मा श्याहामा काम सुरु गरेको थियो। बुद्ध धर्मको किल्ला भएको श्याहामा यिनीहरूले थोरै मात्र फल देख्न सके। एक जना सेवकले यसरी लेख्नुभयो: “मलाई कठिनाइपूर्ण कुरा जस्तै लाग्नुचाहिँ यिनीहरूको खान्की हो। तिब्बतीहरूको खान्की खानु गाह्रो कुरा हो; पछ्याउनु झनै गाह्रो कुरा, तापनि यो जिल्लाहरूमा सेवा गर्ने मिशनरीहरूले यो खानै पर्छ; नखानु त्यो घरको मान्छेलाई बेइज्जत गर्नु समान हुन्छ; सुसमाचार सुनाउने मौका पाउँदैन”। सन् १९९८ मा येशूको चलचित्र अम्थो भाषामा अनुवाद गरिएको थियो।

# ताहू अम्थो (Amdo, Rtahu)

शिचुआन प्रान्तको पश्चिमी भागमा करिब १,०१,००० ताहू अम्थो भाषा बोल्नेहरू बसोबास गर्छन्। यिनीहरूको मुख्यतः वासस्थान तावु र लुहुआ जिल्लाहरूमा बग्ने शियन्सूयै नदीको किनारहरूमा भएको चउरहरू हो। यी जिल्लाहरू शिचुआन प्रान्तको उत्तर–पश्चिमी भागमा पर्ने कर्चे स्वायत्त शासन भूभागमा पर्छन्। यो भाग मुख्यतः कठोर खम्पा तिब्बतीहरूको वासस्थान हो।

ताहूहरू चार वटा अम्थो जातिहरूमध्ये दक्षिणी भागको पल्लो छेउमा बस्ने जातिहरू हुन्। भाषा विज्ञहरूले ताहू अम्थो भाषाको एउटा अंग पनि भन्छन्, तर ताहूहरूले आफूहरू संस्कृतिअनुसार खम्पा तिब्बती जातिको अंग भनी वकालत गर्छन्।

ताहू अम्थो मानिसहरू उच्च भक्ति भएको तिब्बतीय बुद्ध धर्मावलम्बीहरू हुन्।

एकदमै थोरै ताहू मानिसहरूले मात्र ख्रीष्टको सुसमाचारलाई सुनेका छन्। भौतिक, सामाजिक, सांस्कृतिक र भाषासम्बन्धी अवरोधहरूले यिनीहरूको बीचमा सुसमाचार लाने कामलाई कठिन बनाउँदैछन्। चिनियाँ प्रार्थना घरहरूको सुसमाचार प्रचारकहरूले विगतको कुनै वर्षहरूमा यिनीहरूको बीचमा वास गर्ने प्रयास गरेका थिए, तर यिनीहरूको यो प्रयासले चिनियाँ अधिकृतहरू र तिब्बतीहरूको बीचमा शङ्का उत्पन्न गरायो।




सन् १९२० मा तिब्बतीहरूको बीचमा सेवा गर्न (काम गर्न ) सेवकहरू छान्नको लागि आधार मानेको योग्यता आज उहाँहरूको बीचमा काम गर्न इच्छा भएकाहरूलाई पनि लागू हुन्छ। त्यो योग्यताको माग यस्तो थियो: "तिब्बतीहरूको बीचमा गरिने काम बाँकी सबै ठाउँमा गरिने कामभन्दा कठिनाइपूर्ण भएकोले बलियो हृदय भएको मानिसहरूलाई मात्र छान्नुपर्छ। दुःख र खतराहरूलाई सामना गर्न डराउने मिशनरीहरूलाई तिब्बतमा पठाउनुहुँदैन।"




**Population:**
78,800 (2000)
97,100 (2010)
119,600 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

**संक्षेप:**

**अन्य नामहरू:** Tahu

**जनसंख्या:**
चीन : १,०१,०००
(Joshua Project)

**उपभाषाहरू:** २ (Braghgo, Tahu)

**बुद्ध धर्म:** १००%

**इसाई धर्म:** ०%


**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन

**सुसमाचारको अवस्था**






**Population in China:**
10,000 (1984)
13,700 (2000)
16,900 (2010)
**Location:** Gansu, Sichuan
**Religion:** Animism
**Christians:** None Known

## संक्षेप:

**अन्य नामहरू:** Di, White Horse Tibetans, Pe, Pingwu Tibetans

**जनसंख्या:**
चीन : २०,५००
(PeopleGroups.org)

**भाषा-परिवार:** चीनी-तिब्बती, तिब्बती-बर्मी, भोटी, अवर्गीक्रित भाषा

**उपभाषाहरू:** ०

**जातिय धर्म:** १००%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन




करिब २०,५०० जना पैमाहरू शिचुआन–कन्सु प्रान्तहरूको सिमानामा पर्ने सेतो घोडा उपत्यकाको वरिपरि भएको चौध वटा गाउँहरूमा बसोबास गर्छन्। पैमा गाउँहरू कन्सु प्रान्तको वेन्सुयै सहरबाट ३२ किलोमिटर टाढामा पर्दछन्।

पैमा जातिको मानिसहरूलाई तिब्बतीहरूको सूचीमा राखे तापनि यिनीहरू एउटा भिन्नै जातिका मानिसहरू हुन्। तिब्बतीहरूको संस्कृतिसँग यिनीहरूको सम्बन्ध थोरै मात्र छ। यिनीहरू आफ्नो छुट्टै भाषा बोल्दछन्, भिन्नै प्रकारको लुगा लगाउँदछन् र गर्वसाथ आफ्नो परम्परा संस्कृतिलाई बचाइराखेका छन्। मुख्य कुरा, यिनीहरूले कहिल्यै पनि तिब्बती बुद्ध धर्मलाई पछ्याएका छैनन्।

पैमा जातिको जवान जवानीहरूलाई विवाहभन्दा अगाडि शारीरिक सम्बन्ध राख्न अनुमति छ, तर विवाह पछाडि पारिवारिक जीवनमा इमानदारी रहनु मुख्य ठानिन्छ, र छोड पत्र दिनु अपमान ठानिन्छ। विवाह पछाडि पैमा जातिका स्त्रीहरू माछाको हड्डीले बनाएको सिक्री र बाख्राको छालामा कुखुराको पखेटा राखेर सजाएको टोपी लगाउँछन्।

पैमा जातिका मानिसहरूले सेतो घोडा भगवान्लाई सबै भगवान्भन्दा ठूलो भगवान्को रूपमा ठान्छन्। पैमा मानिसहरूको चिहानमाथि विभिन्न रङ्गको



झण्डाहरू बाँधिएर गाडेको हुन्छ। यी झण्डाहरूले मरेको मानिसको आत्मालाई स्वर्गमा पुऱ्याउँछ भन्ने विश्वास यिनीहरूमा छ। यी मानिसहरू भालेलाई आफ्नो रक्षक भगवान्को रूपमा मान्छन्।

पैमा मानिसहरूले आजसम्म सुसमाचार सुन्ने मौका पाएका छैनन्। यिनीहरूको भाषा, संस्कृति र भौगोलिक रूपमा विकट भएको वासस्थान यी सबै कुराहरूले यिनीहरूलाई संसारबाट अलग राखेको छ। चिनियाँ सुसमाचारीय रेडियो प्रसारणहरूले पनि यो विकट अग्लो पहाडहरूलाई छिचोलेर जान सकेन। सय प्रतिशत सुसमाचार नसुनेको जातिको बीचमा काम गर्न चाहने संस्था अथवा मण्डलीहरूको लागि पैमा जाति असल छनोट हुन्छ।

# पोलोच (Bolozi)



उत्तर शिचुआन प्रान्तको सोङ्पान सहरको पश्चिममा पर्ने शियाव र हेशुई गाउँहरू र त्यसको वरिपरि भएको भागहरूमा करिब ३,००० जना पोलोचहरू बसोबास गर्छन्। थोरै सङ्ख्यामा कुनै पोलोच मानिसहरूको समूह दक्षिणमा वेच्युअन जिल्लासम्म मिन नदीको किनारहरूमा फैलिएर बसेका छन्।

चियङ् र तिब्बती जाति मानिसहरूको बीचमा भएको विवाहले गर्दा पोलोच जाति एउटा छुट्टै जातिको रूपमा उत्पन्न भएको हुन सक्छ। यिनीहरूको बारेमा सन् १९३० मा मिशनरी थोमस टारन्सले पहिलो पल्ट बयान गर्नुभयो। चीनको अधिकृतहरूले यो जातिलाई तिब्बतीय जाति र चियङ् जाति दुवैमा नजोडेको कारणले यो जाति संसारको लागि नै लुकिएको छ। पोलोच मानिसहरूको बीचमा आफैलाई तिब्बती भनी परिचय दिने चलन बढ्दै गइरहेको छ। अबको एक अथवा दुई पुस्ताहरूपछि यिनीहरूको अनुपम सुरुवातलाई सबैले बिर्सन सक्छ।

पोलोच परिवारहरू बाख्रा पालन, चौँरी पालन, खेती किसानी र तिब्बती र चिनियाँहरूसँग व्यापार गर्ने जस्ता धेरै प्रकारको आय–आर्जन गर्ने कामहरूमा लागेका छन्।

तिब्बतीय बुद्ध धर्मले अरू तिब्बतीहरूको बीचमा जति जरा गाड्यो, त्यति यिनीहरूको बीचमा जरा गाड्न सकेन। यिनीहरूले आफ्नो जीवनलाई शासन गर्ने आत्माहरू छन् भन्ने विश्वासमा ती आत्माहरूलाई शान्त पार्ने प्रयास गर्ने आत्मवादलाई पछ्याइरहेका छन्।

पोलोच जाति सुसमाचार नसुनेको जाति हो। १९४९ को अघि भएको मिशन कामहरूको परिणामस्वरूप थोरै मात्रामा हान र शङ् विश्वासीहरू सोङ्पानमा छन्। सन् १९१९ मा शिचुआन प्रान्तमा ५४३ जना बाहिरी देशका मिशनरीहरू काम गरिरहेका थिए, तापनि उत्तरी दिशामा पर्ने यो विकट भागमा सेवा गरेकाहरू थोरै मात्र थिए। द चर्च अफ मिशनरी सोसाइटीले सन् १९२० मा सोङ्पानमा सेवा सुरु गऱ्यो, तर जंगली स्वभाव भएका यी पोलोच मानिसहरूको बीचमा हामीलाई थाहा भएअनुसार, कुनै पनि सुसमाचारीय काम भएको छैन। अझसम्म पनि यिनीहरूको जाति सुसमाचार नसुनेको जातिको रूपमा नै छ।




**Population in China:**
2,000 (1998)
2,110 (2000)
2,720 (2010)
**Location:** Sichuan
**Religion:** Polytheism
**Christians:** None Known

**संक्षेप:**

**अन्य नामहरू:** Bolotse, Bolotsze, Po-lo-tzu

**जनसंख्या:**
चीन : ३,०००
(PeopleGroups.org)

**उपभाषाहरू:** ०

**धर्म:** तिब्बती बुद्ध धर्म र बहुदेववाद

**इसाई धर्म:** ०%


**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन

**सुसमाचारको अवस्था**




- सुसमाचार नसुनेकाहरू
- सुसमाचार सुनेका तर विश्वास नगरेकाहरू
- कुनै एउटा ख्रीष्टिय सम्प्रदायलाई पछ्याउनेहरू




यङ्त्सी, तातु र मिन नदीहरूको नक्सा



तातु (Dadu) नदी




सिगात्से आसपासको जौ खेती




जोखङ्ग गुम्बा, ल्हासा




**Population:**
60,500 (2000)
74,500 (2010)
91,800 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 1

## संक्षेप:

**अन्य नामहरू:** Daofuhua, Bopa, Hor, Horpa, Horu, Hor-ke, Taofu, Pawang, Gesitsa, Bawang Rong-Ke, Hórsók, Western Jiarong

**जनसंख्या:** चीन : ८२,००० (PeopleGroups.org)

**उपभाषाहरू:** ३

**तिब्बती बुद्ध धर्म:** ९९%


**इसाई धर्म:** ०.१%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन




इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार करिब ८२,००० जना एरकोङ् जातिका मानिसहरू उत्तरी शिचुआन प्रान्तको विकट भागहरूमा बसोबास गरिरहेको कुराहरूलाई देखाउँदछन्। सन् १९८३ मा चिनियाँ विद्वान सुन हाङ्कैले चीनमा ३५,००० एरकोङ् जातिका मानिसहरू छन् भनी सूचीमा देखाउनुभएको थियो। एरकोङ् जातिका मानिसहरू बढी बस्ने जिल्ला ताव्फु हो। केही वर्षहरू अघिको विवरणअनुसार तन्पामा १७,०००, लुहुअमा ६,५००, चिन्चुअनमा ५,००० र चम्थाङमा ४,००० जना एरकोङ् जातिका मानिसहरू छन्। साथ–साथै कर्चे तिब्बतीय स्वायत्त शासन प्रान्तको शिनलोङमा पनि यिनीहरू छन्।

यिनीहरू आफ्नो अनुपम भाषा बोल्ने तापनि यिनीहरूलाई तिब्बतीहरूको सूचीमा राखेका छन्। यिनीहरू प्रायः जसो हार अथवा आर्पा भन्ने नाममा चिनिन्छन्।

सन् १९०३ मा दुई जना फ्रान्सेली क्याथोलिक मिशनरीहरू ताव्फुमा आएर बसोबास गर्न थाले। यिनीहरूले १० वटा कक्षा र एउटा अनाथ आश्रम पनि भएको मण्डली बनाउनुभयो। स्थानीयहरू र सरकार दुवैले पाइने फाइदाको लागि यिनीहरूलाई स्वागत गरे। यहाँको ७० प्रतिशत चिनियाँहरू इसाई भए तापनि तिब्बतीहरूको बीचमा इसाईहरूको सङ्ख्या




न्यूनतम छ; यी थोरै इसाईहरूले पनि आफ्नो बुद्ध धर्मलाई छोडेनन्। सन् १९४९ मा नयाँ स्थापित भएको कम्युनिस्ट सरकारले पादरीहरूलाई निस्किजाने आदेश दियो। त्यसपछिको समयहरूमा अरू कसैले पनि ख्रीष्टलाई स्वीकार गरेका छैनन्। मण्डलीलाई भत्काएर विद्यालयको छात्र वासको रूपमा परिणत गरायो। पछिको समयहरूमा त्यसलाई पनि भत्काएर बुद्ध गुम्बाको रूपमा परिणत गरायो। यस सहरमा बस्ने कसै–कसैले त्यस ठाउँमा कुनै पुरानो इसाईहरू हुन सक्छ भनी विश्वास गर्छन्, तर एरकोङ् जातिका मानिसहरूको बीचमा चिनिएको इसाई भने एक जना मात्र हुनुहुन्छ।

# अर्शु (Ersu)




करिब ४३,००० जना अर्शु भाषा बोल्ने मानिसहरू तातु नदीको किनारहरूमा शिचुआन प्रान्तको सात वटा जिल्लाहरूमा बसोबास गर्छन्। तातु नदी शिचुआन–चिङ्हाई प्रान्तहरूको सिमानामा पर्ने कोलो पहाडमा उत्पन्न भएर ११५५ किलोमिटर बहेर मिन नदीमा मिसिन्छ। यिनीहरूको जनसङ्ख्या अल्प भए तापनि यिनीहरू फैलिएर बसेका छन्। कन्लुओ जिल्ला अर्शु जातिका मानिसहरूको मुख्य जिल्ला हो, यो जिल्ला प्रान्तको सदर मुकाम छङ्दुबाट आठ घण्टा रेल यात्रा टाढामा छ।

चीनमा अर्शु जातिका मानिसहरू आधिकारिक रूपले तिब्बतीहरूको सूचीमा छन्, तर सन् १९८० मा यिनीहरूले आफूहरूलाई शिपन भन्ने नाममा एउटा नयाँ जनजाति घोषणा गरेर त्यसमा राख्न माग राखे; मध्य सरकारले आजसम्म यिनीहरूको मागलाई स्वीकार गरेको छैन।

भाषा विज्ञ सुन हाङ्कैको अनुसार अर्शुहरूलाई विभिन्न ठाउँमा विभिन्न नाममा चिनिन्छ।

अर्शु मानिसहरू नामधारी रूपमा तिब्बतीय बुद्ध धर्मलाई पछ्याइरहेका छन्। यिनीहरूको लागि भनी कुनै मन्दिर छैन। यिनीहरूको अन्तिम बोन धर्मको मन्दिर १९६० मा भएको चिनियाँ सांस्कृतिक विद्रोहमा नष्ट भयो।

आजसम्म चिनिएको अर्शु मण्डली अथवा विश्वासी छैन। 'द बोर्डर मिशन अफ द चर्च अफ क्राइष्ट इन चाइना' र अमेरिकन ब्याप्टिष्टका सेवकहरूले यिनीहरूसँग सम्बन्धित च्यारोङ् जातिका मानिसहरूका बीचमा सेवा गरेका थिए, तर अर्शु जातिका मानिसहरूका बीचमा कुनै सेवा भएको जानकारी छैन।




**Population:**
27,850 (2000)
34,350 (2010)
42,300 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Duoxu, Ersu Yi, Tosu, Buerzi, Ersubuerzi, Lusu, Lisu

**जनसंख्या:**
चीन : ४३,५००
(PeopleGroups.org)

**उपभाषाहरू:** ३
(Eastern Ersu,
Central Ersu [Duoxu] ,
Western Ersu [Lisu] )

**तिब्बती बुद्ध धर्म:** ५०%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन






**Population:**
127,600 (2000)
164,600 (2010)
202,800 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 10

इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार १,६८,००० जना कोलो भाषा बोल्नेहरू चिङ्हाइ प्रान्तको कोलो अञ्चलको छ वटा जिल्लाहरूमा बसोबास गर्छन्। सन् १९५३ मा १,००,३४३ जना कोलो मानिसहरू कोलो अञ्चलमा बसोबास गरेका थिए, तर १९६४ मा कोलो जातिका मानिसहरू बसाइँ सरेको र युद्धमा मारिएको कारण सङ्ख्या घटेर ५६,०७१ भयो।

एउटा लेखोटअनुसार कोलो भन्ने शब्दको अर्थ 'टाउको पछाडि फर्केकाहरू' हो। यो नाम यिनीहरूको अटेरी र झगडालु स्वभावबाट आएको हो। यो जाति एकदमै पिछडिएको जाति हो।

प्रायः जसो कोलोहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्। १०८ तिब्बतीहरूको बीचमा शुभ अङ्कको रूपमा मानिने भएकाले कोलो जातिका स्त्रीहरू कपालमा १०८ वटा लट्टा बाट्छन्।

थोरै कोलो जातिका मानिसहरूले मात्र ख्रीष्टको सन्देश सुनेका छन्। यिनीहरू बाहिरी संसारको सबै प्रभावबाट अलग्गिएका छन्। सन् १९२१ मा यो बाटो हुँदै यात्रा गरेको कुनै मिशनरीहरूले सुसमाचारीय पर्चा बाँड्दै जानुभयो। कुनै समयपछि यी मिशनरीहरूले क–कनर बुद्ध गुम्बाको प्रधान लामा कुरुङ छिरीङबाट एउटा चिट्ठी प्राप्त गरे। चिट्ठीमा यस्तो लेखिएको थियो: "म तपाईंहरूको नम्र सेवक धेरै वटा सुसमाचारीय पर्चाहरूलाई देखेँ। त्यसलाई ध्यानसित पढ्दा त्यसले मलाई ख्रीष्टमा विश्वास गर्न पुऱ्यायो। यो विशिष्ट उपदेश र एक मात्र पुत्र सिद्धान्तहरूलाई मैले अलि–अलि मात्र बुझ्न सकेँ, तर पवित्र आत्माको स्वभाव र सार, अनि यो धर्मको सुरुवातको बारेमा मैले केही बुझ्न सकिनँ। थोरै ज्ञान भएका अनपढ मानिसहरूलाई ज्ञानको ज्योति पाउनको लागि यो धर्मको उपदेशका सिद्धान्तहरूलाई पूर्ण रूपमा व्याख्या गर्नु अत्यावश्यक कुरा हो। औषधी उपचारको ज्ञान र ज्योतिषशास्त्र पनि आवश्यक पर्ने कुराहरू हुन्। यी आशिष्हरूलाई पाउन हामीले एकमात्र पुत्र धर्मलाई विश्वास गर्नु आवश्यक छ। धेरै इच्छासहित हृदयको अन्तस्करणबाट म बिन्ती गर्दछु; यो चिट्ठीलाई तुच्छ नठान्नुहोस्। सयौँ नमस्कार !"




**संक्षेप:**

**अन्य नामहरू:** Ngolok, Mgolog, Golok, Lhardi, Ngura, Amchok, Rimong, Kangsar, Kanggan, Tsokhar, Ngawa, Gatse, Butsang, Shahrang, Jazza, Ggolo

**जनसंख्या:**
चीन : १,६८,००० (Joshua Project)

**उपभाषाहरू:** अनेक

**तिब्बती बुद्ध धर्म:** ९५%


**इसाई धर्म:** ०.१%

**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन



# क्रोमा (Groma)



क्रोमा भाषा बोल्ने १९,००० जना मानिसहरू दक्षिण तिब्बतमा सिक्किम–भुटानको सिमानामा भएको चुम्बी उपत्यकामा बस्छन् र ९०० जना क्रोमाहरू सिमाना पारि भारतमा छन्। यो उपत्यका शिगात्से अञ्चलमा पर्ने चुमु र यातोङ जिल्लाहरूमा छ। अहिलेसम्म गन्ती नगरेको कुनै क्रोमा जातिका मानिसहरू सिमानाको यतापट्टि भारतमा बसोबास गर्छन्। भारतमा यिनीहरूलाई तिब्बतीहरू भनी मात्र चिनिन्छ; आधिकारिक रूपमा सरकारी सूचीमा यिनीहरूको नाम लेखिँदैन।

क्रोमाहरूलाई चीनमा आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएको छ। साथै यिनीहरूको संस्कृति तिब्बतीहरूसँग मिल्छ।

तिब्बतीय तान्त्रिक बुद्ध धर्मको प्रभावमा यिनीहरू छन्, साथै आत्मवादको कर्मकाण्डहरूलाई पनि यिनीहरूले पछ्याइरहेका छन्।

थाहा पाएअनुसार क्रोमाहरूको बीचमा इसाईहरू कोही पनि छैनन्। यिनीहरूको बीचमा सुरु भएको सानो मिशन कामले पनि कठोर सतावटलाई सामना गर्न पुग्यो। "विश्वास गरेको कारण एक जनालाई मन्त्र तन्त्र गर्ने झाँक्रीहरू मिलेर याकको छालामा बेरेर सिलाएर घाममा राखे। घामको प्रभावले छाला चाउरिँदा हड्डीहरू फुटेर मरेको त्यो विश्वासीलाई यिनीहरूले बिर्सन सकेनन्।" सन् १९९७ मा भएको गन्तीमा २५० वटा मण्डलीहरू सिक्किममा भएको देखिए तापनि त्यो सबै मण्डलीका विश्वासीहरू प्रायः नेपालीहरू हुन्। क्रोमाहरू बसोबास गर्ने जिल्लामा कुनै काम भएको छैन।




**Population:**
14,920 (2000)
18,390 (2010)
22,650 (2020)
**Countries:** China, India
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Trowoma, Chomo Tibetan, Chomo, Gromo, Tomo, Zhuomu, Chuo-mu Tibetan, Chumbi Tibetan

**जनसंख्या:**
चीन: १९,०००
भारत: ९००
(Joshua Project)

**उपभाषाहरू:** ४ (Upper Groma, Lower Groma, Spiti, Tomo)

**तिब्बती बुद्ध धर्म:** १००%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन



इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार १४,००० जना कोइचियोङ् जातिका मानिसहरू चीनमा छन्। तातु नदीको किनारहरूमा शिचुआन प्रान्तको कर्चे स्वायत्त शासन अञ्चलमा पर्ने लुतीङ् जिल्लाका पठारहरूमा बस्छन्। थियन्चुअन् जिल्लाको उत्तर–पश्चिमी भागहरूमा अन्य थोरै कोइचियोङ्हरू बसोबास गर्छन्। गर्मी याममा पहाडमा भएको हिउँहरू पग्लिँदा तातु नदी विशाल रूपमा बढेर बग्न थाल्छ। यो नदी नै यी मानिसहरूको जीवनको आधार हो। यो नदीले शिचुआन प्रान्तको उत्तरी भागहरूमा पर्ने पहाडहरूलाई फुटाएर बाटो बनाएको छ; यसले गर्दा यो नदीको दुवैपट्टि पठारहरू छन्। कोइचियोङ्हरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएको छ।




सन् १९५० भन्दा अघिसम्म यिनीहरूले बढी अफिमको खेती गर्थे, कम्युनिस्ट सरकार स्थापना भइसकेपछि सरकारले अफिमको खेतीलाई नष्ट पार्न लगायो। आजकलको समयहरूमा यिनीहरूले सागसब्जी, गहुँ, मकै र जौ को खेती गर्छन्।

कोइचियोङ्हरू नामधारी रूपमा बुद्ध धर्मलाई पछ्याउँछन्। यिनीहरूलाई सुसमाचार अथवा ख्रीष्टको बारेमा कुनै ज्ञान छैन। कोइचियोङ् जस्ता जातिहरूलाई उद्धारमा डोऱ्याउन चाहेको लगनशीलताको बारेमा जेम्स ओ फ्रेसरले यसरी बयान गर्नुभएको छ: “मिशन काम हुने स्थलमा सुसमाचारको सेवा भनेको चाहिँ सबै कुरा ओसिएको उपत्यकामा अँध्यारोमा हातमा अगुल्टो बोकेर आगो बाल्न सक्ने कुराहरूलाई खोजिहिँडे जस्तै हुन्छ........आगो लगाएको अगुल्टो र त्यसलाई ल्याएको मानिस गएको धेरै समयपछि यता कुनै लौरोहरू, उता कुनै पत्करहरू, यता कुनै रूखहरू आगो लागेर बल्न थाल्छन्, र ज्योति र राप दिन्छन्। परमेश्वरले देख्न चाहनुभएको कुराहरू पनि यही नै हो.......साना साना आगोको थुप्रोहरू संसारभरि बलिरहेको।”




**Population:**
9,760 (2000)
12,020 (2010)
14,800 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

**संक्षेप:**

**अन्य नामहरू:** Guichong

**जनसंख्या:**
चीन : १४,५००
(PeopleGroups.org)

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:** १००%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन



# छङ्कुर (Hdzanggur)




कम चिनिएको करिब ५,६०० जना छङ्कुर जातिका मानिसहरू चिङ्हाइको दक्षिण–पूर्वी भागहरूमा बसोबास गर्छन्। मुख्यतः यिनीहरू केर्चुङ् उपत्यकामा रक्या गुम्बाको वरिपरि तावु सहरको उत्तर–पूर्वी भागहरूमा पहेँलो नदीको किनारहरूमा बसोबास गर्छन्। यो ठाउँ कोलो स्वायत्त शासन अञ्चलमा पर्ने माछेन् जिल्लामा पर्दछ। छङ्कुरहरूको बस्ती पहेँलो नदीबाट सुरु भएर दुई–तीन दिन पैदल यात्रा टाढासम्म फैलिएको छ।

छङ्कुर कोलो जातिको उप–जातिहरूभित्र पर्ने एउटा जाति हो। यिनीहरूले लुट्न र हत्या गर्नुमा नाम कमाएका छन्। यिनीहरू सबै हतियार बोकेका र व्यवहारिक रूपमा चीनको शासनबाट अलग भएर जिउनेहरू हुन्।

सयौँ वर्षहरूदेखि छङ्कुर जातिका मानिसहरू बाहिरी संसारको सम्बन्धबाट वञ्चित छन्। आजको दिनसम्म पनि यिनीहरूको बीचमा विद्युत्, टेलिफोन, र हुलाकको सुविधा छैन। यी भागहरूका थोरै ठाउँहरूमा मात्र यातायातको सुविधा पुगेको छ, साथै सयौँ वर्षहरूदेखि थोरै मात्र परिवर्तन भएको उपचारको तरिकाहरूलाई यिनीहरूले प्रयोग गर्दै आएका छन्।

यिनीहरूले नदीलाई पार गर्न प्रयोग गरिने साधन भिन्नै प्रकारको छ, जसको उपयोग कहिलेदेखि भयो भन्ने कुरा कसैलाई थाहा छैन, र आजसम्म पनि त्यही तरिकालाई अपनाइरहेका छन्: “नौदेखि बाह्र वटा बाख्राहरूको छालालाई फुकेर काठहरूमा बाँधेर त्यसमा चढेर नदीलाई पार गर्दछन्। हरेक पल्ट नदीलाई पार गरिसकेपछि त्यो सबै छालाहरूलाई फेरि फुक्न परेको हुन्छ।” यो कमजोरी नाउमा बाह्र जनासम्म यात्रा गर्छन्।

छङ्कुरहरू कठोर रूपमा तिब्बतीय बुद्ध धर्मलाई पछ्याइरहेका छन्। यिनीहरू कुनै पहाडी भगवान्हरूलाई पनि पुज्ने गर्छन्। यी भागहरूमा रक्या गुम्बाले अति नै प्रभाव पारेको छ।

भौगोलिक, राजनीतिक तथा आत्मिक रूपमा अलग्गिएको यी भागहरूमा ख्रीष्टको सुसमाचार प्रवेश गर्न सकिरहेको छैन।




**Population:**
4,370 (2000)
5,380 (2010)
5,880 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:**

**जनसंख्या:**
चीन : ५,६००
(Joshua Project)

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:** १००%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन






**Population:**
14,170 (2000)
17,450 (2010)
21,500 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

करिब २१,००० जना चपाव् च्यारोङ् भाषा बोल्ने मानिसहरू शिचुआन प्रान्तको उत्तरी-पश्चिमी भागमा बसोबास गर्छन्। मुख्यतः चपाव् क्षेत्रको लोङ्कर्चिया, ताचङ् र शयर्शोङ् सहरहरूमा यिनीहरूको बाक्लो बस्ती छ। चपाव् क्षेत्र एपा अञ्चलको पर्कम जिल्लामा पर्छ। यो जिल्लामा यो जातिको जनसङ्ख्या नै बढी छ। यिनीहरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएको छ। यिनीहरू पर्कम जिल्लाको कठोर जाडो वातावरणमा सयौँ वर्षहरूदेखि बसोबास गर्दै आएका छन्। यो ठाउँमा थोरै मात्र फलफूल र सागसब्जी उब्जनी हुन्छ। यिनीहरूले मुख्यतः जौको खेती गर्छन्। तीव्र जाडो वातावरणले गर्दा बढी बोसो र मासु खाने बानी यिनीहरूको बीचमा छ। उत्तरी भागहरूमा हिउँदमा तापक्रम शून्यभन्दा तल झर्दछ।

करिब १० प्रतिशत च्यारोङ् जातिका मानिसहरू बोन धर्मलाई पछ्याउँदछन्। सातौँ शताब्दीमा बुद्ध धर्म भारतदेखि तिब्बतमा आउनुभन्दा अघि, मन्त्र तन्त्र गर्ने र भूतात्माहरूलाई पुज्ने कुराहरूलाई मुख्य कामको रूपमा ठान्ने बोन धर्म नै सबै तिब्बतीहरूको धर्मको रूपमा थियो। पछिल्लो समयहरूमा बुद्ध धर्म, चल्दै आएको बोन धर्मसँग जोडियो।

चिनिएको विश्वासीहरू यिनीहरूको बीचमा कोही पनि छैन। च्यारोङ् भाषाको पाँच वटा उप-भाषाहरू बोल्ने पाँच वटा जातिहरूमध्ये मात्र दुई जना विश्वासीहरू छन्। यी मानिसहरू चीनको विकट भागहरूमा जिएर, सयौँ वर्षहरूदेखि सुसमाचारको ज्योतिविना नाश भइरहेको ख्रीष्टको आवश्यकतामा भएको मानिसहरू हुन्।




## संक्षेप:

**अन्य नामहरू:** Gyarong, Gyarung, Rgyarong, Chiarong, Jarong, Chabao, Northeastern Jiarong, Northern Jiarong

**जनसंख्या:**
चीन : २१,००० (PeopleGroups.org)

**तिब्बती बुद्ध धर्म:** ९०%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन



# क्वानयिङ्च्याव् च्यारोङ् (Jiarong, Guanyingqiao)




शिचुआन प्रान्तको उत्तरी-पश्चिमी भागहरूमा ८,००० भन्दा बढी क्वानयिङ्च्याव् च्यारोङ् भाषा बोल्ने मानिसहरू बसोबास गर्दै आएका छन्। यो भाषा बोल्ने मानिसहरूले बसोबास गर्ने क्षेत्रको नामबाट यो भाषाको नाम दिएको हो। यिनीहरू तिब्बतीहरूसँग-सँगै बसोबास गर्छन्; बाहिरी मानिसहरू थोरै मात्र यिनीहरूको बीचमा जान्छन्। क्वानयिङ्च्याव् च्यारोङ् जातिका मानिसहरूलाई तिब्बतीहरूको सूचीमा आधिकारिक रूपमा राखे तापनि यिनीहरूले बोल्ने भाषा तिब्बती भाषासँग त्यति मिल्दैन, साथै यिनीहरूको छुट्टै सुरुवात, इतिहास र संस्कृति पनि छन्।

प्रायः जसो च्यारोङ् जातिका मानिसहरूले अहिलेको समयहरूमा तिब्बतीय बुद्ध धर्मलाई पछ्याइरहेका छन्। बोन धर्म र तान्त्रिक कामहरू पनि प्रयोगमा छन्। ठूलो पहाडमा वास गरेर सबै अनिष्टको लागि कारण भएको भगवान्हरू भनी यिनीहरूले विश्वास गर्ने पहाडी भगवान्हरूसँग च्यारोङ्हरू बढी डराउँदछन्। यिनीहरूको पवित्र पहाड तन्पा जिल्लामा भएको मोएर्तुआ पहाड हो। भूतात्माहरूलाई शान्त पार्न र सुरक्षाको लागि एरकोङ्, च्यारोङ् र अन्य तिब्बतीहरूले यो पहाडलाई पुज्दछन्।

यिनीहरूको एकान्त वासस्थानले यिनीहरूलाई सुसमाचार सुन्नबाट वञ्चित तुल्यायो। थोरै जनसङ्ख्या भएको चीनको यी भागहरूमा यातायातको सुविधा एकदमै कम छ। सरकारी अधिकृतहरू र कुनै निडर व्यापारीहरू बाहेक थोरै मात्र हान चिनियाँहरू यी भागहरूमा बसोबास गर्छन्। यो जातिको थोरै मानिसहरूले मात्र ख्रीष्ट येशूको नामलाई सुनेका छन्।




**Population:**
5,110 (2000)
6,300 (2010)
7,750 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:**
Gyarong, Gyarung, Rgyarong, Chiarong, Jarong, Chiajung, Guanyingqiao

**जनसंख्या:**
चीन : ८,०००
(Joshua Project)

**उपभाषाहरू:** ८
(Xiaoyili, Siyaowu,Muerzong, Guanyingqiao, Ergali, Taiyanghe, Ere, Yelong)

**तिब्बती बुद्ध धर्म:** १०%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन






नेपाल-चीनको सिमानामा रहेको  छङ्मु (खासा) बजार




तिर्थयात्रा गर्ने तिब्बती




कङ्दिङ् (शिचुआन प्रान्त)




खम्पा जाति तिब्बतीहरूको घोडा प्रतिस्पर्धा गर्ने चाड




**Population:**
4,090 (2000)
5,040 (2010)
6,200 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

चीनको उत्तर–पश्चिमी शिचुआन प्रान्तमा करिब ५,३०० जना शङ्चै च्यारोङ् भाषा बोल्ने मानिसहरू बसोबास गर्छन्। शङ्चै च्यारोङ् जातिका मानिसहरू अहिले बसोबास गर्ने भागहरू पहिलेको समयहरूमा तिब्बत राज्यभित्र पर्थ्यो, तर चीनले त्यसलाई शिचुआन प्रान्तमा गाभ्यो। शङ्चै च्यारोङ् जातिका मानिसहरू तुचु र चोङ्ख नदीहरू जोड्ने ठाउँमा, चम्थाङ् जिल्लामा भएको शिली, शोङ्ख र पूशी सहरको वरिपरि छन्।

च्यारोङ् जातिका मानिसहरूको पाँच वटा भिन्नै भाषाहरूमध्ये शङ्चै भाषा पनि एक हो। तिब्बतीय भाषाभन्दा भिन्नै भाषा यिनीहरूले बोले तापनि चीनको अधिकारीहरूले यिनीहरूलाई तिब्बतीहरूको सूचीमा राखेका छन्।

'जातीय ढोका' भनी चिनिने शिचुआन प्रान्तको यो ठाउँमा बसोबास गर्ने विभिन्न जातिहरूमध्ये शङ्चै च्यारोङ् पनि एक हो। यो ठाउँमा धेरै वटा स्थानीय शासनहरू विभिन्न समयमा फरक–फरक शक्तिसँग स्थापित भएर बढेका थिए। यो ठाउँ भाषा र इतिहास बारे अनुसन्धान गर्नेहरूको लागि असल र उपयुक्त ठाउँ हो।

तिब्बतीय बुद्ध धर्म र आत्माहरूलाई शान्त पार्ने कामहरूले यिनीहरूको जीवनलाई शासन गरिरहेका छन् । शङ्चैहरू बस्ने यो ठाउँ इतिहासको लामो समयहरूदेखि नै इसाईत्त्वको उपस्थिति बन्द गरिएको अवस्थामा छ। कानुनरहितको डाँकुहरू, ७,००० मिटरसम्म (२३,००० फिट) उचाइ भएको पहाडहरू, सडकहरूको अभाव, र तिब्बतीय बुद्ध धर्मको शक्तिशाली प्रभाव यी सबै कुराहरूले नै शङ्चै च्यारोङ् जातिका मानिसहरूलाई सुसमाचार सुन्न पाउने मौकाबाट वञ्चित गराइरहेका छन्।




## संक्षेप:

**अन्य नामहरू:** Gyarong, Gyarung, Rgyarong, Chiarong, Jarong, Chiajung, Shangzhai

**जनसंख्या:**
चीन : ५,३००
(Joshua Project)

**उपभाषाहरू:** ३ (Dayili, Zongke, Puxi)

**तिब्बती बुद्ध धर्म:** ९०%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन



# सितापा च्यारोङ् (Jiarong, Sidabao)




करिब ७,२०० जना सितापा च्यारोङ् भाषा बोल्नेहरू शिचुआन प्रान्तको विकट र ठूलो भू–भागमा बसोबास गर्छन्। यो भाषा बोल्ने मानिसहरूमा अधिकांश मानिसहरू पर्कम जिल्लाको सितापा भू–भागको चौदङ्ग, कङ्शन र रिपू बजारहरूमा बस्छन्। यो ठाउँको नामबाट नै यिनीहरूको भाषाको नाम आयो; साथै थोरै सितापा समाजहरू यो ठाउँबाट धेरै टाढा एपा जिल्ला, चम्थाङ् जिल्ला र सर्तर जिल्लाहरूको गाउँहरूमा पनि बसोबास गर्छन्।

सितापा च्यारोङ्हरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखे तापनि चीनको विज्ञहरूले च्यारोङ् एउटा छुट्टै जाति हो भनी विश्वास गर्छन्। चीनको उच्च शिक्षण संस्थाले सन् १९५७ मा च्यारोङ् जातिका मानिसहरूको सङ्ख्या ७०,००० भनी सूचीमा राख्यो। च्यारोङ् जातिका मानिसहरूलाई चिनियाँहरू र तिब्बतीहरूले तल्लो जातिको रूपमा हेर्ने गर्दछन्। थोरै मात्र शिक्षा पाएका हुनाले च्यारोङ्हरू प्रायः जसो तल्लो दर्जाको कामहरू गरिरहेका हुन्छन्।

यी दिनहरूमा पुरानो बोन धर्म च्यारोङ् जातिका मानिसहरूको बीचमा पुनः जागरण भइरहेको छ। विगतको १३ औँ शताब्दीभरि बुद्ध धर्म, बोन धर्मको कर्मकाण्डहरूलाई सुन्दर बनाउने एउटा बाहिरी पोसाक जस्तै मात्र रहँदै आइरहेको छ।

विगतका समयहरूमा च्यारोङ् जातिका मानिसहरूको बीचमा सुसमाचार ल्याउने कामले केही मात्रामा सफलता हासिल गऱ्यो। सन् १९३० मा एउटा किताबले यिनीहरूको बीचमा विश्वासीहरू छन् भनी देखायो। सन् १९३४ मा त्यहाँ काम गर्ने मिशनरीहरूले ३४ जना च्यारोङ् विश्वासीहरू छन् भनी बताए; तर यी दिनहरूमा यिनीहरूको बीचमा कुनै विश्वासीहरू भएको जस्तो देखिँदैन। इसाईत्वमा इच्छुक व्यक्तिहरूले सामना गर्नुपर्ने सामाजिक इन्कार र लामाहरूको श्राप अथवा परिवारको सदस्यहरूद्वारा विष राखेर मारिने जस्ता कठोर पीडाहरू सुसमाचार फैलनका लागि बाधाको रूपमा छन्। यिनीहरूको बीचमा सुसमाचार लैजान यिनीहरूको आफ्नै भाषामा धर्मशास्त्र, सुसमाचारीय रेकर्डिङहरू अथवा त्यस्ता साधनहरू केही पनि छैन।




**Population:**
5,580 (2000)
6,850 (2010)
8,400 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Western Jiarong, Western Jyarung, Gyarong, Gyarung, Rgyarong, Chiarong, Jarong, Sidabao

**जनसंख्या:**
चीन : ७,२००
(Joshua Project)

**उपभाषाहरू:** २ (Caodeng, Ribu)

**तिब्बती बुद्ध धर्म:** ९०%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन






**Population:**
161,550 (2000)
199,550 (2010)
245,800 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 2

## संक्षेप:

**अन्य नामहरू:** Eastern Jiarong, Eastern Jyarung, Gyarong, Gyarung, Rgyarong, Chiarong, Jarong, Chiajung, Situ

**जनसंख्या:**
चीन : २,३७,००० (PeopleGroups.org)

**उपभाषाहरू:** ४ (Lixian, Jinchuan, Xiaojin, Barkam)

**तिब्बती बुद्ध धर्म:** ९०%


**इसाई धर्म:** ०.०१%

**बाइबल:** छ

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन




इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार करिब २,३७,००० जना सिथु जातिका मानिसहरू चीनको शिचुआन प्रान्तमा बसोबास गर्छन्। सिथु च्यारोङ् जाति नै चीनको च्यारोङ् जातिहरूमध्ये प्रबल जाति हो। यिनीहरू शिचुआन प्रान्तको मध्य भागमा लि, शियाव्चिन, वेच्युअन जिल्लाहरूमा साथै चिन्चुअन र पर्कम जिल्लाहरूको कुनै–कुनै भागहरूमा बसोबास गर्छन्। धेरैजसो सिथु मानिसहरू चेकु पहाडहरूमा उत्पन्न हुने साकुनाओ र मिन नदीहरूको माथिल्लो भेगहरूमा भी (V) आकारमा भएको एउटा उपत्यकामा बसोबास गर्छन्।

सिथु भन्ने नाम च्यारोङ् जातिका चार वटा कुलहरूको परम्परागत वास गर्ने ठाउँको नाम हो। यिनीहरूले बोल्ने भाषाको नाम पनि यही नै हो; साथै यसलाई नै जातिको नामको रूपमा पनि स्वीकार गरियो। च्यारोङ् जातिका उप–भागहरू आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा नै जोडिएको छ।

च्यारोङ् मानिसहरू प्रायः किसानहरू हुन्। सहरमा बस्ने कुनै–कुनै च्यारोङ्हरू व्यापारमा सहभागी भएका छन्। प्रायजसो च्यारोङ्हरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउने भए तापनि धेरै च्यारोङ्हरू चियाङ् मानिसहरूको धेरै देवता मान्ने सिद्धान्तलाई पनि पछ्याइरहेका छन्।

ख्रीष्ट येशूको बारेमा थोरैलाई मात्र थाहा छ। च्यारोङ् मानिसहरूको बीचमा पहिलो पल्ट



सन् १९०० मा या–अनमा कार्यस्थल भएको अमेरिकन ब्याप्टिष्टहरूद्वारा र सन् १९१० मा द बोर्डर मिशन अफ द चर्च अफ क्राइष्ट इन चाइनाद्वारा सुसमाचार प्रचार गरियो। यिनीहरूका प्रयासलाई एउटा लेखकले यसरी छोटकरीमा बताउनुभयो: "यो शताब्दीको पहिलो आधा समयहरूमा च्यारोङ् मानिसहरूको नजिकै बसोबास गर्ने कुनै मिशनरीहरूले यिनीहरू बसोबास गर्ने भागहरूमा यात्रा गरे। यी यात्राहरूले कुनै सुसमाचारीय पर्चाहरूलाई यिनीहरूको भाषामा अनुवाद गर्ने बाटो बनायो; तर सन् १९३० मा च्यारोङ् भाषालाई विशेष रूपमा अनुसन्धान गर्ने र सिक्ने काम सुरु हुने बेलासम्म अरू कुनै पनि काम भएन। सन् १९३६ मा लाल सेनाले यी भागहरूलाई आक्रमण गर्दा योनाको पुस्तकको पहिलो अनुवादको काम भइरहेको थियो, तर युद्धमा सबै कागजहरू नष्ट भए।" यी समयसम्ममा दुई जना मात्र च्यारोङ् विश्वासीहरू छन्। यिनीहरू नै ठूलो कटनीको पहिलो फल हुन सकोस् !

# पूर्वी खम्पा (Khampa Eastern)

करिब १६,००,००० जना तिब्बतीहरू पूर्वी खम्पा भाषा बोल्दछन्। यिनीहरू शिचुआन प्रान्तको पश्चिम भागदेखि पूर्वमा कङ्दिङ्सम्म बाक्लो रूपमा; साथै पूर्वी तिब्बतको एउटा ठूलो भागमा र चिङ्हाइ प्रान्तमा रहेको दक्षिण भागहरूको ठूलो भू–भागमा बसोबास गर्छन्।




भुटान, नेपाल, र भारतमा हजारौँ पूर्वी खम्पा शरणार्थीहरू बसोबास गर्दै आइरहेका छन्। यी देशहरूमा यिनीहरूलाई तिब्बतीहरूको नाममा मात्र चिनिने भएको कारण यिनीहरूको ठीक सङ्ख्यालाई थाहा पाउनु कठिन कुरा हो। चीनको पूर्वी खम्पा सहर लीथाङ् ४,७०० मिटर उचाइमा छ। छम्तु सहर ३,२०० मिटर उचाइमा भएको अर्को एउटा मुख्य सहर हो। पातङ् र २,७०० मिटर उचाइमा भएको पाइ सहरहरू पनि यिनीहरूको मुख्य सहरहरू हुन्।

खम्पाहरूको विरोधी र मूर्ख स्वभावले गर्दा यिनीहरू तिब्बतीहरूको बीचमा डरलाग्दो जातिको रूपमा चिनिएका छन्। अग्ला र हृष्टपुष्ट शरीर भएको साथै निडर स्वभावसँग दुईपट्टि बाटेको कपालको साथ यिनीहरू राता भारती (अमेरिकाको काला जाती) जस्तै देखिन्छन्। खम्पाहरू कठोर भक्तिसाथ तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्।

खम्पा मानिसहरूको बीचमा क्याथोलिकहरूको काम सन् १८०० मा सुरु भयो। क्याथोलिक मिशन भवनलाई सन् १८७३ मा भत्कायो। सन् १९०५ मा फेरि पनि बाँकी रहेका भागहरूलाई पूर्ण रूपमा भत्कायो, र दुई जना पादरीहरू मारिए; साथै विश्वासलाई त्याग्न इन्कार गरिएका तिब्बतीहरू बन्दुकद्वारा मारिए। सन् १९२४ मा मिशन बढेर दुई जना पादरीहरू, पन्ध्र जना फ्रान्सेली मिशनरीहरू र ४,८०० विश्वासीहरू भएको अवस्थामा पुग्यो। विश्वासीहरूमध्ये पाँच जनामा दुई जना तिब्बतीहरू थिए। आजको दिनहरूमा करिब २०० क्याथोलिक विश्वासीहरू कङ्दिङ् नजिकमा भएको पातङ् र थाचियाङ् सहरहरूको आसपासमा बसोबास गर्छन्। खम्पा मानिसहरूका बीचमा प्रोटेस्टेन्टहरूको काम सन् १८९७ मा सुरु भयो। यी मिशनरीहरूद्वारा अस्पतालहरू, विद्यालयहरू, र अनाथ आश्रमहरू चलिरहेका थिए। यिनीहरूले थोरै फलहरूलाई मात्र देख्न पाए। सन् १९२२ मा पातङमा भएका प्रोटेस्टेन्टहरूको कामले दुई जनालाई विश्वासमा डोऱ्याए।




**Population:**
1,246,200 (2000)
1,535,200 (2010)
1,891,300 (2020)
**Countries:** China, Bhutan, India, Nepal
**Buddhism:** Tibetan
**Christians:** 400

**संक्षेप:**

**अन्य नामहरू:**
Kham, Khams, Khams-Yal, Khams-Bhotia, Kang, Konka, Konkaling

**जनसंख्या:**
चीन : १६,१३,०००
भुटान : १,७००
भारत : ९००
(Joshua Project)

**तिब्बती बुद्ध धर्म:** ९५%


**इसाई धर्म:** ०.१%

**बाइबल:** छ

**येशू चलचित्र:** छ

**रेकर्डिङ:** Kham, Khamba

**ख्रीष्टिय प्रसारण:** छैन






**Population:**
118,400 (2000)
145,900 (2010)
179,700 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

उत्तरी खम्पा भाषा बोल्ने करिब १,५२,००० जना मानिसहरू चीनमा छन्। यिनीहरू चिङ्हाइ प्रान्तको ठूलो भू-भाग भएको तिब्बतीय यीशो स्वायत्त शासन अञ्चलमा बसोबास गर्छन्। उत्तरी खम्पा भाषा उत्तरी दिशामा ५,२१४ मिटर उचाइ भएको यालाताचो पहाडसम्म प्रयोगमा छ। साथै उत्तरी खम्पा मानिसहरू थोरै गन्तीमा तिब्बतको उत्तर पूर्वी सिमानामा बसोबास गर्छन्। सरुवा गोठाला भएको कारणले यिनीहरू अग्लो पठारहरूमा बसोबास गर्छन्।




उत्तरी खम्पाहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याए तापनि यिनीहरूको धर्म साँचो बुद्ध धर्मको देखावटी मात्र हो। तर पनि यिनीहरू आफूहरूले बुद्ध धर्मलाई पछ्याएको भनी ठान्दछन्, र अन्य जुनसुकै मार्गहरूलाई स्वीकार गर्न इन्कार गर्छन्।

ख्रीष्ट येशूको जन्म भएर २००० वर्षहरू बितेर गए तापनि खम्पाहरू लगभग पूर्ण रूपमा सुसमाचार नसुनेको अवस्थामा छन्। भौगोलिक अवस्था, भाषा र सांस्कृतिक बाधाहरूले यिनीहरूलाई ख्रीष्टबाट अलग्यायो। पूर्ण रूपमा विकट भएको र प्रवेश गर्न गाह्रो भएको यो यीशो अञ्चलमा कुनै पनि मण्डली अथवा ख्रीष्टका साक्षीहरू छैन।

## संक्षेप:

**अन्य नामहरू:** Kham, Khamba

**जनसंख्या:**
चीन : १,५२,००० (Joshua Project)

**उपभाषाहरू:** ४(Bristo ,Khrihdu,Kuergu,Nag nchen)

**तिब्बती बुद्ध धर्म:** १००%


**इसाई धर्म:** ०%

**बाइबल:** छ

**येशू चलचित्र:**छ

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन



# दक्षिणी खम्पा (Khampa Southern)




पाल हट्टावेले गरेको अनुसन्धानअनुसार दक्षिणी खम्पा भाषा बोल्ने ९५,००० जना मानिसहरू चीनमा छन्। यिनीहरू युन्नान प्रान्तको उत्तरी भागमा बसोबास गर्छन्। यो भू–भागमा धेरै ठाउँहरूमा तातोपानीका मूलहरू छन्। साथै म्यानमार देशको उत्तरी भागमा नौ वटा दक्षिणी खम्पा गाउँहरू छन्।

प्रायः जसो तिब्बतीय दक्षिणी खम्पाहरू बुद्ध धर्मलाई पछ्याए तापनि संसारमा भएको सबै तिब्बती जातिहरूको बीचमा इसाईहरूको सङ्ख्या बढी भएको जाति यही नै हो।

करिब ६०० जनाको जनसङ्ख्या भएको तिब्बतको सिमानामा भएको तीन वटा दक्षिणी खम्पा गाउँहरू क्याथोलिक गाउँहरू हुन्। अझै ७०० जना क्याथोलिक इसाईहरू यान्जीङ भन्ने ठाउँमा भएको एउटा क्याथोलिक मण्डलीमा आराधनाको लागि भेला हुन्छन्। यो भू–भागमा सन् १८०० मा प्यारिस फारीन मिशनरी सोसाइटीद्वारा तिब्बतीहरूलाई उद्धारमा डोऱ्याएको थियो। यो मिशनले सबै तिब्बतीय भू–भागहरूलाई प्रेमसहित भेट्न गयो। सन् १९०५ मा लामाहरूले सबै फ्रान्सेली मिशनरीहरूलाई मारेर पादरी दुबेरनर्दको टाउको बुद्ध गुम्बामा झुण्ड्याए। चीनको अधिकृतहरूले यो कामको बदला लिन ती भू–भागमा भएका धेरै गुम्बाहरूलाई भत्काइदिए। त्यही समय मानिसहरूलाई बुद्ध धर्ममा फर्की आउने आज्ञा दिन यन्जीङको आसपासमा भएको इसाई गाउँहरूमा दलाई लामाले आफ्नो चेलाहरूलाई पठाउनुभयो। तिनीहरूले धेरै इसाई परिवारहरूलाई एउटा खेतमा राखेर बन्दुकले मारे। त्यो खेत आजको दिनसम्म रगतको जमिन भनी चिनिन्छ।

यो निर्दयी कामले मानिसहरूमा डर पैदा गराउनुको सट्टामा विश्वासमा एक भएर बुद्ध धर्मलाई इन्कार गर्न सहायता गऱ्यो। त्यो दिनदेखि आजको दिनसम्म यिनीहरू इसाई भएर नै जिइरहेका छन्। त्यो भागहरूमा इसाईहरूको सङ्ख्या बढेर १,६१० बन्न पुग्यो। पेन्टेकास्टल मिशनरी यूनियनले सन् १९१२ मा यिनीहरूको बीचमा काम सुरु गऱ्यो; तर थोरै फल मात्रै पायो। आजको समयहरूमा चीनको लिसु जातिको सुसमाचार प्रचारकहरू यिनीहरूको बीचमा पठाइएर सयभन्दा बढी मानिसहरूलाई उद्धारमा डोऱ्याइएका छन्। तिब्बतीय पादरी लु रेन्डीको अनुसार दक्षिणी तिब्बतमा २,५०० र युन्नान प्रान्तको आसपासमा भएको भागहरूमा ३,००० क्याथोलिक इसाईहरू छन्।




**Population:**
96,800 (2000)
119,200 (2010)
146,900 (2020)
**Countries:** China, Myanmar
**Buddhism:** Tibetan
**Christians:** 7,500

## संक्षेप:

**अन्य नामहरू:** Deqen Tibetan, Tibetan: Deqen,Atuentse, Anshuenkun, Nyarong,

**जनसंख्या:**
चीन : ९५,७५०
(A.D.२०००);
म्यानमार : १,०००
(A.D. २०००)

**उपभाषाहरू:** ४

**तिब्बती बुद्ध धर्म:** ९०%


**इसाई धर्म:** ७.७%

**बाइबल:** छ

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन






**Population:**
206,400 (2000)
254,200 (2010)
313,100 (2020)
**Countries:** China, India, probably Nepal
**Buddhism:** Tibetan
**Christians:** 10

**संक्षेप:**

**अन्य नामहरू:** Kham, Khamba

**जनसंख्या:**
चीन : २,७०,०००
(Joshua Project)
भारत: १,२२१
(१९८१ census);
Probably also in Nepal

**उपभाषाहरू:** २ (Gertse, Nagchu)

**तिब्बती बुद्ध धर्म:** ९९%


**इसाई धर्म:** ०.०१%

**बाइबल:** छ

**येशू चलचित्र :** छ

**सु. रेकर्डिङ :** छ

**ख्रीष्टिय प्रसारण:** छैन




मध्य र उत्तरी तिब्बतको विशाल न्ङारी अञ्चलमा बसोबास गर्ने २,७०,००० जना तिब्बतीहरू पश्चिमी खम्पा भाषा बोल्दछन्। यिनीहरू पातलो जनसङ्ख्यामा उत्तर–पूर्वदेखि उत्तर भागसम्म बाटो जस्तै देख्ने गरी मध्य तिब्बत भरिमा बसोबास गर्छन्। यो भू–भाग झन्डै मरुभूमि जस्तै देखिने पठार हो। यो भू–भाग ५,१८० मिटर उचाइमा, समुद्रको उचाइमा हावामा पाउने अक्सिजनको घनत्वभन्दा आधा मात्र अक्सिजनको घनत्व भएको भू–भाग हो।

'खम' चाहिँ विगतको समयहरूमा तिब्बतको एक अञ्चलको नाम हो। 'पा' भन्ने शब्दको अर्थ तिब्बतीय भाषामा 'मानिसहरू' हो; खम्पाको अर्थचाहिँ 'खम' मा बसोबास गर्ने मानिसहरू' हो। यो खम भू–भागलाई चीनले चिङ्हाइ र शिचुआन प्रान्तहरूसँग जोड्यो, तर पश्चिमी खम्पाहरू पूर्ण रूपमा तिब्बतमा बसोबास गर्दै आएका छन्। थोरै सङ्ख्यामा भएको पश्चिमी खम्पाहरू उत्तर भारतमा विशेष गरी हिमाचल प्रदेश र उत्तर प्रदेश प्रान्तहरूमा बसोबास गर्दै आएका छन्। सन् १९८१ मा भएको भारतको जनसङ्ख्याअनुसार १,२२१ खम्पाहरू भारतमा छन्।

संसारले कठिनाइपूर्ण वातावरण भनी ठान्ने वातावरणमा खम्पाहरू बसोबास गर्दै आइरहेका छन्। बहु–पति विवाह (दाजुभाइहरू एउटी स्त्रीलाई विवाह गर्ने) अझै पनि कुनै–कुनै ठाउँहरूमा चलन चल्तीमा छ। कठिनाइपूर्ण पठारहरूमा बसोबास गर्ने खम्पाहरूको सम्भावित आयु ४५ वर्ष मात्र हो।




खम्पाहरू आफ्नो जीवनको अगुवाइको लागि भूतात्माहरू, प्रेतात्माहरू र शरीरलाई त्यागेको भगवान्को आत्माहरूमाथि भरोसा राख्छन्।

विगतको समयहरूमा तिब्बतभित्र प्रवेश गर्न नसक्ने कुनै मिशनरीहरूले तिब्बतीय भाषामा छापिएको सुसमाचारीय पर्चाहरूलाई बोराहरूमा हालेर एक दर्जन याकहरूमाथि राखेर तिब्बतभित्र पठाए। सन् १९२० मा एक जना लेखकले यसरी विलाप गर्नुभयो: "यी भू–भागहरू त्यहीँ रहेर काम गर्ने मिशनरीहरूको अभावमा रहेको मात्र नभएर एक–दुई कुनाहरूबाहेक ख्रीष्टको सेवकहरूले पाइला नटेकेको अवस्थामा पनि छन्। यी भागहरू पश्चिमी चीनमा जित्नुपर्ने भागहरू हुन्। यहाँ विशाल ठाउँहरू नचिनेको अवस्थामा छन्, अझै विशाल ठाउँहरू लुकिएको अवस्थामा छन्।

# केरोङ् (Gyirong or Kyerung)




थोरै मात्रामा चिनिएको केरोङ् मानिसहरू तिब्बत र नेपाल सिमानाको दुवैपट्टि हिमालहरूमा बसोबास गर्दै आइरहेका छन्। दक्षिणी तिब्बत र तिब्बत–नेपालको सिमानामा ८,५०० जना केरोङ् भाषा बोल्ने मानिसहरू छन्, साथै ३,००० जना केरोङ्हरू नेपालको रसुवा जिल्लाको रसुवाघारी, ब्रिदिम, थङ्जेत, स्याप्रु र स्याप्रुबेसीमा बसोबास गर्छन्। केरोङ्हरू थोरै सङ्ख्यामा काठमाडौँमा पनि छन्।

केरोङ्हरूलाई चीन र नेपालमा तिब्बतीहरूको सूचीमा राखिएको छ। नेपालमा रहेको १३,००० तिब्बतीहरूको जनसङ्ख्यामा केरोङ्हरूको सङ्ख्या उल्लेखनीय छ।

सातौँ र आठौँ शताब्दीहरूमा तिब्बतको साम्राज्य वृद्धि भएर काश्मीर, चीन, तुर्किस्तान, सिक्किम, भुटान, नेपाल, र उत्तरी बर्मासम्म फैलियो। सन् १७८८ मा नेपालको गोर्खाली सेनाले आक्रमण गर्दा तिब्बतीहरूले चीनको सहायता खोजे। यसपछिको समयहरूमा तिब्बतमा चीनको प्रभाव बढ्दै गयो। सिक्किम, भुटान, र नेपाल छुट्टिएर छुट्टा–छुट्टै राष्ट्रहरू भए।

केरोङ् जातिहरू पनि अरू तिब्बतीहरू जसरी नै तिब्बतीय बुद्ध धर्मलाई पछ्याइरहेका छन्, र दलाई लामालाई आफ्नो सर्वश्रेष्ठ आत्मिक गुरु मान्दछन्।

काठमाडौँमा रहने केही केरोङ्हरूले उद्धार पाएको सम्भावना बढी छ, तापनि यिनीहरूको गाउँहरूमा रहेर प्रेम र धीरतासहित शब्दहरू र क्रियाहरूद्वारा सुसमाचार प्रचार गर्ने सेवकहरूको आवश्यकता अहिले पनि छ। सन् १९३२ मा पूर्वी तिब्बतमा ख्रीष्टको लागि सहिद हुनुभएको अमेरिकाको मिशनरी विलियम इ. शिमशन जस्ता सेवकहरूको आवश्यकता यहाँ छ। शिमशनले आफ्नो जीवनको बारेमा लेख्दा छोटकरीमा यसरी लेख्नुभयो: "एक्लोपन, वेदनाहरू, दुःख र कष्टहरू, जाडो र लामो यात्राको थकाइ, अन्धकार र निरुत्साह, परीक्षाहरू र गुमाएको सबै थोकहरूलाई महान् आनन्दको यो सुसमाचारको गवाही दिनुबाट पाउने खुसीसँग तुलना गर्न सक्छ र ?"




**Population:**
11,100 (2000)
13,700 (2010)
16,900 (2020)
**Countries:** China, Nepal
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Kyirong, Gyirong

**जनसंख्या:** १२,०००
चीन : ८,५००
नेपाल : ३,०००
(Joshua Project)

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:** १००%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र :** छैन

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन






**Population:**
109,700 (2000)
128,000 (2010)
149,500 (2020)
**Countries:** India, China
**Buddhism:** Tibetan
**Christians:** 220

## संक्षेप:

**अन्य नामहरू:** Lodokhi, Ladakh, Ladaphi, Ladhakhi, Lodak, Ladwags, Ladak

**जनसंख्या:**
भारत : १,७८,०००
चीन : ३,५००
पाकिस्तान : ११,५००
(PeopleGroups.org)

**उपभाषाहरू:** २ (Leh, Shamma)

**तिब्बती बुद्ध धर्म:** ८०%


**इसाई धर्म:** ०.२%

**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारिय रेकर्डिङ:** Ladakhi

**ख्रीष्टिय प्रसारण:** छैन




इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार १,७८,००० जना लद्दाखी जातिका मानिसहरू उत्तर भारतको लद्दाख प्रान्तको भू–भागहरूमा बसोबास गर्दछन्। यिनीहरू लद्दाखको ऐतिहासिक राजधानी भएको लेह सहरको वरिपरि ठूलो भू–भागमा २५० वटा गाउँहरूमा बसोबास गर्छन्। अझै करिब ३,५०० लद्दाखीहरू सिमानाको उतापट्टि पश्चिमी तिब्बतमा बसोबास गर्छन्। यहाँको सीमा सुरक्षा कमजोर भएकाले यिनीहरू दुवैतिर आवत–जावत् गर्ने गर्छन्।

संसारको सबैभन्दा उच्च पहाडहरूमा यिनीहरू बसोबास गर्ने भएकोले यिनीहरूको जीवन कठिनाइपूर्ण छ। अत्यन्त जाडोमा जीवन बिताएर गर्मी मौसमको लागि खुसीसाथ चाहना राख्ने यिनीहरूको विश्वासअनुसार नरक एउटा अत्यन्त जाडो हुने ठाउँ हो।

लद्दाखीहरू अरू तिब्बतीहरू जसरी नै तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्। हजारौँ वर्षहरूदेखि बोन धर्मअनुसार भूतात्माहरूमाथि गर्ने विश्वास बुद्ध धर्मसँग जोडेर यिनीहरूको किल्लाको रूपमा रहँदै आएको छ।

लद्दाखी मानिसहरूको बीचमा पहिलो पल्ट ख्रीष्टको गवाही निष्टारियस सिद्धान्तलाई पछ्याउने व्यापारीहरूले आठौँ शताब्दीमा दिएको हुन सक्छ। सन् १६४२ मा क्याथोलिक पादरी अन्टोनियो दि एण्ड्रेडले अहिलेको समयहरूमा 'जान्दा' भनिने थोलिंगमा एउटा कार्यस्थलको स्थापना गर्नुभयो।




थोरै समयमा नै लद्दाखको राजाले त्यसलाई नष्ट पार्नुभयो। मुरावीहरूले सन् १८५६ मा लद्दाखीहरूको बीचमा ख्रीष्टको सेवा सुरु गरे; सन् १९२२ मा १५८ जना उद्धार पाएका थिए। मिशनरीहरूले त्यहाँको परिस्थितिको बारेमा यसरी विवरण दिएका थिए: “ख्रीष्टिय सेवाको कुनै कठोर विरोध यहाँ छैन। औषधी, शिक्षा, धर्मशास्त्र र पर्चाहरू जस्ता जे कुराहरूलाई दिए तापनि मानिसहरू इच्छुक भएर त्यसलाई स्वीकार गर्दछन्।” मुरावीहरू आजसम्म पनि यिनीहरूको बीचमा सेवा गर्दै आएका छन्। आजको दिनहरूमा केही भारतीय मिशन संस्थाहरूले पनि यहाँ सेवा सुरु गरेका छन्।

# ल्होमी (Lhomi)

करिब ९,००० जना ल्होमी जातिका मानिसहरू नेपाल, भारत र तिब्बत राष्ट्रहरूमा बसोबास गर्दै आइरहेका छन्। नेपालको कोसी अञ्चलको सङ्खुवासभा जिल्लाको हेढ्ङ्नाको माथि अरूण नदीको नजिकमा भिरालो पहाडहरूमा रहेका ६ वटा गाउँहरूमा तिब्बतको सिमानासम्म यिनीहरूको ठूलो एउटा समूह बसोबास गर्दै आइरहेको छ। अहिलेको समयहरूमा कुनै ल्होमी जातिका पुरुषहरू घर बनाउने कामको लागि काठमाडौँतिर बसाइँ सरेका छन्। भारतमा झन्डै १,००० जना ल्होमीहरू दार्जिलिङ जिल्लामा बसोबास गर्छन्। सन् १९७६ मा नेपालमा ल्होमीहरूको सङ्ख्या ४,००० थियो।




नेपालमा यिनीहरूलाई शेर्पा जातिको एक भागको रूपमा मानिन्छ। चीनमा १,५०० ल्होमीहरूलाई तिब्बतीहरूसँग जोडेको छ। भारतमा यिनीहरूलाई बुद्ध धर्म मान्ने मानिसहरूसँग जोडेर भोटिया जातिमा राखिएको छ।

यिनीहरू आफूलाई बुद्ध धर्म मान्नेहरू भने तापनि यिनीहरूको धर्मको विधि विधानहरूमा मिसावट भएको देखिन्छ।

विगतको कुनै वर्षहरूमा ३०० जना ल्होमीहरूले ख्रीष्टलाई स्वीकार गरेका छन्। यिनीहरूले त्यो भू–भागमा भएको अन्य जातिहरूको बीचमा सुसमाचार प्रचारकहरूलाई पठाइरहेका छन्। इमानदार सेवकहरूले धेरै वर्षहरूको परिश्रमपछि ल्होमी भाषामा धर्मशास्त्रलाई अनुवाद गरे। सन् १९७६ मा धर्मशास्त्रको केही भागहरू ल्होमी भाषामा छापिए; सन् १९९५ मा पुरा नयाँ करार छापियो– यति थोरै जनसङ्ख्या भएको मानिसहरू बोल्ने भाषामा धर्मशास्त्र अनुवाद हुनु एउटा आश्चर्यपूर्ण घटना हो। भारतको दार्जिलिङमा इसाईहरूको सङ्ख्या बढी भएको कारणले त्यहाँ बसोबास गर्ने प्रायः जसो ल्होमीहरूले सुसमाचार सुनेका छन्, र थोरैले उद्धार पाएका छन्। नेपाल र भारतमा ल्होमीहरूको बीचमा इसाईहरू भए तापनि राजनीतिक अवस्था र कडा सुरक्षा भएको सिमानाको कारणले तिब्बतीय ल्होमीहरूको बीचमा सुसमाचार फैलाउन सकिरहेको छैन।




**Population:**
8,670 (2000)
10,290 (2010)
12,490 (2020)
**Countries:** Nepal, China, India
**Buddhism:** Tibetan
**Christians:** 300

## संक्षेप:

**अन्य नामहरू:** Lhoket, Shing Saapa, Kathe Bhote, Kar Bhote, Singsawa, Shingsaba

**जनसंख्या:**
नेपाल : ८,१०० (PeopleGroups.org)

**उपभाषाहरू:** २ (Leh, Shamma)

**तिब्बती बुद्ध धर्म:** ८०%

**इसाई धर्म:** ३.५%


**बाइबल:** केही भागहरू सन् १९७६, नयाँ करार सन् १९९५

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** Lhomi

**ख्रीष्टिय प्रसारण:** छैन

### सुसमाचारको अवस्था






**Population in China:**
1,800 (1998)
1,880 (2000)
2,320 (2010)
**Location:** Sichuan
**Religion:** Tibetan Buddhism
**Christians:** None Known

## संक्षेप:

**अन्य नामहरू:**

**जनसंख्या:**
चीन : २,७००
(PeopleGroups.org)

**भाषा-परिवार:** चीनी-तिब्बती, तिब्बती-बर्मी, चियङ्, अर्शु भाषा

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:** १००%

**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:**छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन

करिब २,५०० देखि ३,००० जना जति मन्याक भाषा बोल्ने मानिसहरू शिचुआन प्रान्तको विकट र कम जनसङ्ख्या भएको पहाडी क्षेत्रमा बसोबास गर्छन्। यिनीहरूको ठीक वासस्थानको बारेमा जानकारी नभए तापनि यिनीहरू सिन्चिन्, यन्युअन, युयेशि, मीयन्निङ्, मूलि, चिव्लोङ् र कन्लुओ भू–भागहरूमा बसोबास गर्ने अर्शु जातिको एक भाग हो।

मन्याक जातिका मानिसहरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएका छन्। जोसेप रक सन् १९२० मा मूलिमा पुग्दा यिनीहरूको बारेमा यसरी भन्नुभयो: “संसारमा थोरै मानिसहरूले मात्र चिनिएको ठाउँ यो मूलि राज्य हो। चिनियाँहरूले यिनीहरूलाई शिफन अथवा पश्चिमी जङ्गलीहरू भनी चिन्छन्। यो राज्यको बारेमा अथवा यहाँ बसोबास गर्ने मानिसहरूको बारेमा अहिलेसम्म केही कुराहरू लेखिएको छैन। विगतको १०० वर्षहरूभित्र यो बाटो हुँदै गएका युरोपियनहरूको सङ्ख्या एउटा हातको औँलाहरूले गन्न सकिन्छ।”

मन्याकहरू तिब्बतीय बुद्ध धर्मको 'पहेँलो–टोपी' उपधर्मलाई पछ्याउँछन्। यिनीहरूको लुगा सधैँ रातो भए तापनि यिनीहरूले लगाउने औपचारिक पहेँलो टोपीद्वारा यिनीहरू भिन्नै देखिन्छन्। एउटा परिवारमा पाँच जना पुरुषहरू छन् भने त्यसमा दुई जना स्वाभाविक रूपमा लामा हुन्छन्। तीन जना मात्र पुरुषहरू भएको



परिवारमा दुई जना लामा बन्छन् भने, तेस्रोले सन्तान वृद्धि गर्नको लागि धेरै स्त्रीहरूलाई विवाह गर्नु पनि यिनीहरूको परम्परा हो।

मन्याक जाति एकदमै आवश्यकतामा भएको र उद्धार नपाएका जातिहरूमध्ये एउटा जाति हो। प्रायः धेरैले येशूको नाम सुनेका छैनन्। यिनीहरू ख्रीष्टको गवाही सुन्न नपाएर आत्मिक अन्धोपनमा बुद्ध धर्मको बन्धनमा जिइरहेका छन्। यिनीहरूको आफ्नै भाषामा धर्मशास्त्र, सुसमाचारीय रेडियो, येशूको चलचित्र र अन्य कुनै पनि माध्यमहरू नभएकाले यिनीहरूलाई सुसमाचार सुन्न पाउनु गाह्रो छ।

सुसमाचारको अवस्था




- सुसमाचार नसुनेकाहरू
- सुसमाचार सुनेका तर विश्वास नगरेकाहरू
- कुनै एउटा ख्रीष्टिय सम्प्रदायलाई पछ्याउनेहरू




लिताङ् बजार (शिचुआन प्रान्त)




खम्पा जातिको तिब्बती (लिताङ् बजार)



कङ्दिङ् (शिचुआन प्रान्त)




तिब्बतीय क्याथोलिक  मण्डली - कङ्दिङ् सिटी



मनिया मानिसहरूको जनसङ्ख्या थाहा पाउनु कठिन कुरा भए तापनि करिब १,५०० जना भन्दा बढी मनिया भाषा बोल्ने मानिसहरू शिचुआनको दक्षिणी भू–भागमा छन् भनी विश्वास गरिन्छ। धेरै मानिसहरू मूलि जिल्लामा प्रवेश गरेका छन्। आजको दिनहरूमा पनि यहाँ पुग्न कठिन छ, र विदेशीहरूलाई यहाँ जान अनुमति छैन।

मनियाहरूलाई तिब्बतीहरूको सूचीमा राखिए तापनि यिनीहरू छामेइ जातिको एक भाग हो। छामेइ जातिको अन्य भागहरू मन्यक र होर हुन्। मनियाहरू विगतमा मूलिमा भएको गुम्बाको मुख्य लामा छामेइ राजाको शासनमुनि थिए। आजसम्म पनि यिनीहरूलाई तिब्बतीय बुद्ध धर्मले नै प्रभाव पारिरहेको छ।

मनियाहरूको बीचमा चिनिएको कुनै पनि इसाई छैन। विगतको लामो इतिहासको समयमा यिनीहरूले सुसमाचार सुन्न नपाएको कारण यो परिस्थिति सृजना भयो। बुद्ध धर्म मान्नेहरूले ख्रीष्टमा केही मात्रामा इच्छा देखाए तापनि यिनीहरू एक मात्र सृष्टिकर्ता हुनुहुन्छ भनी विश्वास गर्दैनन्; साथै पाप आफ्नो स्वेच्छाले गरेको काम भन्ने नठानीकन बाहिरी संसारबाट आउने प्रभाव मात्र हो भनी ठान्दछन्।




**Population in China:**
1,200 (1998)
1,250 (2000)
1,540 (2010)
**Location:** Sichuan
**Religion:** Tibetan Buddhism
**Christians:** None Known

## संक्षेप:

**अन्य नामहरू:** Munia

**जनसंख्या:**

चीन : १,६००

**उपभाषाहरू:** ०

**धर्म:** बुद्ध धर्म र बहुदेववाद


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन



इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार ३१,५०० जना मिन्यक जातिका मानिसहरू शिचुआन प्रान्तको पश्चिमी भागमा विकट क्षेत्रमा बसोबास गर्छन्। यिनीहरू कर्चे तिब्बती स्वायत्त शासन क्षेत्रको खङ्दिङ्, याआन, चिव्लोङ् र शिमियनको जिल्लाहरूमा बसोबास गर्छन्। मिन्यकहरूको बसाइ ७,५५६ मिटर अग्लो भएको कोङ्ह पर्वतको फेदीमा छ। खाने कुरा बोकेर भिरालो बाटो हुँदै हिम पहाडहरूमा चढेर आँखालाई अन्धो बनाउने हिम आँधीलाई पार गरेर चारपाउ टेक्दै यहाँ जान तयार हुने थोरै मानिसहरूलाई बाहेक अरूको लागि अझै शताब्दीहरूको लागि यो ठाउँ बन्द भएको अवस्थामै रहनेछ।




मिन्यकहरूलाई "ठाउँ नसार्ने, शान्त स्वभाव भएको, अरूलाई खराब नगर्ने भलाइ गर्ने र जे आइपरे तापनि हुन्छ भनी चिन्ताविना जिउने जाति" भनी व्याख्या गरिन्छ। यो जातिको प्रायः मानिसहरू आफैलाई मिन्यक अथवा मुया भनी परिचय दिन्छन्; तर खङ्दिङ् र चिव्लोङ जिल्लाको तङ्कु भागहरूमा बसोबास गर्ने मिन्यकहरू आफैलाई पोपा भनी परिचय दिन्छन्। सबै मिन्यकहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्, र तिब्बतीय चाडहरू मनाउँछन्।

अहिलेको समयहरूमा मिन्यकहरूको बीचमा इसाईहरू कोही पनि छैनन्। चाइना, इङ्गल्याण्ड मिशनले मिन्यकहरू बसोबास गर्ने भू–भागको, सिमानामा खङ्दीङमा एउटा कार्यस्थल स्थापना गरेको थियो। सन् १९५० मा मिशनरीहरूलाई जबरजस्ती पठाउँदा, यो कार्यस्थल बन्द भयो। जोसेप रक यिनीहरूको बीचमा जाँदा औषधी माग्न मानिसहरू उहाँको वरिपरि भेला भए; यहाँ मिशनरीहरू पुगेका थिए भन्ने कुराको यो एउटा राम्रो चिन्ह हो। मिन्यकहरू ख्रीष्टलाई नचिनीकन बाहिरि संसारको कुनै खबरविना अन्धकारमा जिएर मरिरहेका छन्।




**Population:**
20,900 (2000)
25,750 (2010)
31,700 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

**संक्षेप:**

**अन्य नामहरू:** Muya, Minya, Munya, Miyao, Muyak, Minya Tibetans, Buoba

**जनसंख्या:**
चीन : ३१,५००
(PeopleGroups.org)

**उपभाषाहरू:** २ (Eastern Minyak, Western Minyak)

**तिब्बती बुद्ध धर्म:** १००%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारियरेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन



# नमुई (Namuyi)



इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार १०,५०० जना नमुई भाषा बोल्ने मानिसहरू चीनमा छन्। प्राय: नमुईहरू शिचुआन प्रान्तको दक्षिणी भागमा भएको लियङ्शन अञ्चलको पश्चिमी भागमा बसोबास गर्छन्। जनसङ्ख्यामा थोरै भए तापनि यिनीहरू लियङ्शन अञ्चलको मीयन्निङ्, मूलि, शिचाङ् र यन्युअन जिल्लाहरूमा साथै कन्सु अञ्चलको चिव्लोङ् जिल्लाहरूमा फैलिएर बसेका छन्।

यिनीहरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिए तापनि यिनीहरू चीयङ् परिवारको एउटा छुट्टै भाषा बोल्दछन्। नमुईहरूको साथ-साथ च्यारोङ् सीशिङ्, अर्शु, एरकोङ् र मिन्यक जातिहरू पनि धर्मलाई मात्र आधार मानेर तिब्बतीहरूको सूचीमा राखिएको छ।

नमुईहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्; तर शक्तिशाली नोसु जातिका मानिसहरू नजिक बसोबास गर्ने भएर यिनीहरूले नोसु जातिका धेरै भगवान् मान्ने संस्कृतिलाई पनि स्वीकार गरेका छन्।

भौगोलिक, धार्मिक, सांस्कृतिक र सामाजिक कारणहरूले नमुईहरूलाई एक्लो पार्ने भएकाले यिनीहरूले आजसम्म सुसमाचार सुनेका छैनन्। यो भू-भागमा बसोबास गर्ने जुनसुकै जातिमा पनि इसाईहरूको सङ्ख्या अति न्यून छ। चीनमा आफ्नो जीवनलाई बलिको रूपमा दिएका सयौँ मिशनरीहरूमा नमुईहरूको बीचमा भने कसैले सेवा गरेको थाहा छैन। बेलायतको प्रख्यात खेलाडी सी.टी. स्टर्डले आफ्नो ख्याति र उन्नतिलाई त्यागेर सेवा गर्न निस्केर चीन, भारत, र अफ्रिकामा त्यागसाथ ख्रीष्टको काम गर्नुभयो। उहाँलाई यो निर्णय लिन गाह्रो थिएन; उहाँले यसलाई यसरी व्याख्या गर्नुभयो: "ख्रीष्ट येशू परमेश्वर भएर पनि मेरो लागि मर्नुभयो भने, उहाँको लागि मैले गर्ने जुनसुकै त्याग पनि त्योभन्दा ठूलो हुन सक्दैन।"




**Population in China:**
5,000 (1983)
6,950 (2000)
8,570 (2010)
**Location:** Sichuan
**Religion:** Tibetan Buddhism
**Christians:** None Known

## संक्षेप:

**अन्य नामहरू:** Namuzi, Nameji

**जनसंख्या:**
चीन : १०,५०० (PeopleGroups.org)

**उपभाषाहरू:** ०

**धर्म:** बुद्ध धर्म र बहुदेववाद


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:**छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन






**Population:**
39,000 (2000)
48,100 (2010)
59,200 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Xifan, Hsifan, Northern Pumi, Chrame, Ch'rame, Tshomi, Sichuan Pumi

**जनसंख्या:**
चीन : १,१४,००० (PeopleGroups.org)

**उपभाषाहरू:** ४ (Tuoqi, Sanyanlong, Taoba, Zuosuo)**तिब्बती बुद्ध धर्म:**१००%

**इसाई धर्म:** ०%


**बाइबल:** छैन

**येशू चलचित्र:**छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन

**सुसमाचारको अवस्था**




करिब १,१४,००० जना उत्तरी पूमीहरू शिचुआन प्रान्तको दक्षिण–उत्तरी भू–भागमा भएको एउटा विकट ठाउँमा बसोबास गर्छन्। प्रायः जसो पूमीहरू मूलि जिल्लामा बसोबास गर्छन्; उनीहरूलाई प्रशस्त मात्रामा धन–सम्पत्ति भएको जाति भनेर चिनिन्छ। मुख्यतः लिताङ् नदीमा सुन पाइने भएकाले राम्रो कमाइ दिँदछ। ७,००० जना उत्तरी पूमीहरू युन्नान प्रान्तको योङ्नीङ् जिल्लामा बसोबास गर्छन्।

विगतको समयहरूमा यिनीहरूलाई पश्चिमी जङ्गलीहरू भन्ने अर्थ लाग्ने शिफन भन्ने निरादर नाममा चिनिन्थ्यो। यो नाम यिनीहरूलाई मात्र नभएर कुनै बेला सबै तिब्बतीहरूलाई नै लागू हुने गरी चिनियाँहरूको बीचमा प्रयोगमा थियो। पुरानो लेखोटहरूमा यिनीहरूलाई छामेई भन्ने नाममा उल्लेख गरिएको छ, तर भाषासम्बन्धी लेखोटहरूमा सधैँ यिनीहरूलाई उत्तरी पूमी भन्ने नाममा नै उल्लेख गरिएको छ। चीनको सरकारले यिनीहरूलाई छुट्टै वंशको रूपमा स्वीकार गर्न मानेन, तर तिब्बतीहरूको सूचीमा राखिएको छ। आफै पनि यिनीहरू तिब्बती नै भनी परिचय दिन्छन्।

सबै उत्तरी पूमीहरू तिब्बती बुद्ध धर्मलाई नै पछ्याउँछन्।

चिनियाँ जातिको बीचमा सुसमाचार नसुनेका जातिहरूमा यो पनि एउटा मुख्य जाति हो। अहिलेसम्म उत्तरी पूमीहरूको बीचमा मण्डली अथवा विश्वासी भएको कुनै खबर छैन। अहिलेका कुनै



वर्षहरूमा विश्वासमा बलियो भएको केही विश्वासीहरूले मूलिमा गएर यिनीहरूको बीचमा सेवा गर्न प्रयास गरेका छन्। तर अहिलेसम्म कसैले उद्धार पाएको कुनै जानकारी छैन।

# पुरिक (Purik)




थोरै जनसङ्ख्या भएको पुरिक जातिका ८०० जना पुरिकहरू तिब्बतमा भारतको सिमानामा रहेको घार जिल्लामा बसोबास गर्छन्। भारतको लद्दाख प्रान्तको कार्गिल जिल्लामा रहेको 'सुरु' उपत्यकामा यिनीहरूको सङ्ख्या बढी छ । यो भू–भाग पूर्वमा लद्दाखले र उत्तर–पश्चिममा बाल्तिस्तानले घेरिएको छ। पुरिकहरूको वासस्थान धेरै उच्च स्थानमा छ; यिनीहरू ७,०८८ मिटर उचाइ भएका पर्वतहरू र २६५ मिटर गहिराइ भएको उपत्यकाहरू भएको हिमालयको पश्चिमी कुनामा बसोबास गर्छन्। जाडो महिनामा हिउँ ४० फुट उचाइसम्म पर्नाले ६ महिनाहरू कार्गिल भारतको अन्य भू–भागहरूबाट छुटिन्छ। नोभेम्बर महिनादेखि फ्रेबुअरी महिनासम्म तापक्रम –४५ डिग्रीसम्म घट्दछ। तिब्बतमा भएको केही पुरिकहरू पुनन, लाहुली, र तिनन भू–भागहरूमा पनि बसोबास गर्छन्।

कुनै चिनियाँ लेखोटहरूले थोरै जनसङ्ख्यामा पुरिकहरू भएको कुरालाई देखाउँदछ। तर यिनीहरूलाई कुन जातिमा राखिएको छ भनी थाहा छैन। लद्दाख र बाल्तिस्तानमा बसोबास गर्नेहरूको बिचमा यिनीहरू पुरिक्पा भन्ने नामद्वारा चिनिन्छन्।

६ वटा गाउँहरू बाहेक बाँकी सबै पुरिक्पाहरू इस्लाम धर्मको सिया उप–समूहलाई पछ्याउँछन्। तिब्बतमा बसोबास गर्ने थोरै सङ्ख्यामा भएको पुरिक्पाहरू फेरि बुद्ध धर्ममा फर्किनुभयो कि इस्लाम धर्मलाई नै पछ्याइरहनुभएको हो भन्ने कुनै जानकारी छैन।

पुरिक जातिहरूको बीचमा सुसमाचार पुऱ्याउनलाई गरेको एउटा प्रयास, कार्गिलमा सन् १९०० देखि सन् १९५६ सम्म सेवा गरेको सेन्ट्रल एसियन मिशनद्वारा गरिएको थियो। अनाथ आश्रम र अस्पताल सञ्चालन गर्नुको साथ–साथै मिशनरी देनिएल पेर्गरले सन् १९५० मा नयाँ करार किताबलाई पुरिक भाषामा अनुवाद गर्नुभयो। मस्सोनिको परिवार, नीनड्रीउ, र बेट्टी हाल पनि यहाँ महान् सेवा गरेका मिशनरीहरू हुन्। पुरिक जातिमा चिनिएको इसाईहरू तीन जना मात्र छन्, यिनीहरू कार्गिलभन्दा बाहिर बसोबास गर्छन्। तिब्बतमा भएको पुरिकहरूको बीचमा चिनिएको इसाईहरू कोही पनि छैनन्। पुरिक जाति सुसमाचारलाई घोर विरोध गर्ने जातिको रूपमा चिनिन्छ।




**Population in China:**
600 (1997)
650 (2000)
840 (2010)
**Location:** Tibet
**Religion:** Islam
**Christians:** None Known

## संक्षेप:

**अन्य नामहरू:** Burig, Purigskad, Purik Bhotia, Purig, Purik-pa

**जनसंख्या:**
चीन : ८००
भारत : ५६,५००
(A.D.२०११)

**उपभाषाहरू:** ०

**धर्म:** शिया इस्लाम र बुद्ध धर्म


**इसाई धर्म:** ०%

**बाइबल:** केही भागहरू सन् १९३८; नयाँ करार सन् १९५०

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** Purig

**ख्रीष्टिय प्रसारण:** छैन






**Population:**
8,460 (2000)
10,420 (2010)
12,800 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार १२,५०० जना छुएयु भाषा बोल्ने मानिसहरू चीनमा छन्।

छुएयु जातिका मानिसहरू शिचुआन प्रान्तको ठूलो भू-भाग भएको कन्सु अञ्चलको शिन्लोङ्, याच्याङ् र लिताङ् जिल्लाहरूमा बसोबास गर्छन्। मुख्यतः यिनीहरू यो-लाशी र शी-तोशी गाउँहरूमा बढी सङ्ख्यामा बस्छन्। सन् १९९० मा करिब २,४८६ मानिसहरू यहाँ बसोबास गर्थे। लिताङ् सहर समुद्रदेखि ४,७०० मिटर उचाइमा छ।

छुएयु मानिसहरू बसोबास गर्ने भू-भाग सन् १९५० मा चीनसँग जोड्नुभन्दा अगाडि खम प्रान्तमा थियो। चीनको शासनमा यो ठाउँले कठोर मानव अधिकारको उल्लङ्घनलाई सामना गर्नुपर्‍यो। यसरी धेरै तिब्बतीहरू मारिनुका साथै कैदमा परे।

तिब्बती बुद्ध धर्मलाई पछ्याउने कुरालाई मात्र आधार मानेर यिनीहरूलाई तिब्बतीहरूको सूचीमा राखिएका छन्।

सबै छुएयु जातिका मानिसहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्, तर पनि यिनीहरूको धार्मिक संकृतिमा तन्त्र मन्त्रहरू सम्बन्धित संस्कृतिहरू पनि मिसिएको छ।

प्रोटेस्टेन्ट र क्याथोलिक मिशनरीहरूले लिताङ् भू-भागहरूमा सन् १९५० सालसम्म सेवा गरे। आजको दिनहरूमा लिताङ् जिल्लामा खम्पा तिब्बतीहरूको बीचमा एउटा सानो प्रोटेस्टेन्ट मण्डली छ, र याच्याङमा पनि थोरै क्याथोलिक इसाईहरू छन्। तर पनि यो भागको प्रायः मानिसहरूले ख्रीष्टको बारेमा सुनेका छैनन्, र छुएयु जातिका मानिसहरूको बीचमा विश्वासीहरू कोही पनि छैन।




**संक्षेप:**

**अन्य नामहरू:** Zhaba, Hokow

**जनसंख्या:**
चीन : १२,५००
(PeopleGropus.org)

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:** १००%

**इसाई धर्म:** ०%


**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन

**सुसमाचारको अवस्था**



# शेर्पा (Sherpa)

सानो जाति भए तापनि शेर्पा जाति एसिया महादेशमा प्रख्यात जाति हो। करिब २,६०,००० जना भन्दा बढी शेर्पाहरू हिमाली क्षेत्रको दुवैतिर बसोबास गर्छन्। नेपालमा यिनीहरूको सङ्ख्या बढी छ। भारतको दार्जिलिङ जिल्लामा ४५,००० भन्दा बढी शेर्पाहरू छन्, साथै सिक्किम र अरुणाचल प्रदेश प्रान्तहरूमा पनि शेर्पाहरू थोरै जनसङ्ख्यामा छन्।




सन् २०११ मा नेपालमा भएको जनगणनाअनुसार १,१२,९४६ जना शेर्पाहरू नेपालमा थिए। सिन्धुपाल्चोक, दोलखा, रसुवा जिल्लाहरूमा र सोलुखुम्बु जिल्लाको नाम्चे बजारमा शेर्पाहरूको सङ्ख्या बढी छ। करिब ३,४०० जना शेर्पाहरू भुटानमा पनि बसोबास गर्छन्; तिब्बतमा यिनीहरूको सङ्ख्या थोरै रहेको छ; कुनै लेखोटहरूले ४०० जना भनी देखाउँछ। अरू कुनैमा ८०० र अरू कुनैमा १,००० नाग्दैँन भनी उल्लेख भएको छ। तिब्बतमा शेर्पाहरू तिङ्ची, तिङ्रि र चाङमु जिल्लाहरूमा बसोबास गर्छन्। यहाँ दिइएका विवरणहरूमा यिनीहरूभन्दा छुट्टै भाषा बोल्ने हेलम्बु शेर्पाहरूलाई समावेश गरेको छैन।

तिब्बतमा यिनीहरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएको छ। शेर्पा भन्ने शब्दको अर्थ 'पूर्वको मानिसहरू' हो।

१५ औँ शताब्दीमा पश्चिम दिशामा बसाइँ सर्नुभन्दा अगाडि सबै शेर्पाहरू तिब्बतमा बसोबास गर्थे भनी मानिन्छ। मङ्गोलियाको राजाले, यिनीहरूलाई आफूले पछ्याउने बुद्ध धर्मको उप–भागलाई विश्वास गर्न लगाउन प्रयास गर्दा, शेर्पाहरू भागेर सोलुखुम्बुको भागहरूमा आएर बसोबास गर्न थाले; साथै धेरै शताब्दीहरूभन्दा अगाडि शेर्पाहरूको पुर्खाहरू नेपाल र भारत देशहरूमा तीर्थयात्रा गरेर फर्किंदा यहाँ आएर बसोबास गर्न थाले भनी पनि भनिन्छ।

यिनीहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्, तापनि तिब्बतीहरूमा देखिने कठोर भक्ति यिनीहरूमा देखिँदैन।

भारत र नेपालमा बसोबास गर्ने शेर्पाहरूको बीचमा सुसमाचारीय कामहरू भइरहेका छन्। नेपालमा कुनै शेर्पा गाउँहरूमा मण्डलीहरूको स्थापना भएको छ। तर तिब्बतमा बसोबास गर्ने शेर्पाहरूको बीचमा कुनै सुसमाचारीय काम भएको छैन। नेपालको सोलुखुम्बु, सिन्धुपाल्चोक र काठमाडौँ जिल्लाहरू गरी शेर्पा जातिमा १००० देखि १२०० जना विश्वासीहरू छन् (सन् २०२०)।




**Population:**
79,650 (2000)
95,400 (2010)
114,300 (2020)

**Countries:** India, Nepal, Bhutan, China, South Korea, USA

**Buddhism:** Tibetan

**Christians:** 40

## संक्षेप:

**अन्य नामहरू:** Sharpa, Sharpa, Bhotia, Xiaerba, Serwa,

**जनसंख्या:**
भारत : ५५,०००; भुटान : ३,४००; नेपाल : २,१३,०००; (PeopleGroups.org)
चीन : ८०० (१९९६)

**उपभाषाहरू:** ३

**तिब्बती बुद्ध धर्म:** ९८%


**इसाई धर्म:** ०.१%

**बाइबल:** छ (नयाँ करार)

**येशू चलचित्र:** छ

**सु.स. रेकर्डिङ:** छ (Sherpa:Solu)

**ख्रीष्टिय प्रसारण:** छैन



इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार ३,७०० जना सीशिङ् भाषा बोल्ने मानिसहरू चीनको शिचुआन प्रान्तको दक्षिणी भागमा भएको मूलि जिल्लामा सुइलु नदी र त्यसको उपनदी चोङ्तीयानको किनारहरूमा बसोबास गर्छन्।




यो जाति धेरै विकट ठाउँमा बस्ने र अलग्गिएको जाति हो। एउटा प्रार्थनाको किताबले यसरी बताउँछ: 'यिनीहरू छङ्दुबाट ६ दिन पैदल यात्रा टाढामा बस्छन्। यिनीहरूको बीचमा गएका विदेशीहरू, भाषा अनुसन्धान गर्नेहरू र पहाड चढ्नेहरू मात्र हुन्.... अनुसन्धान गर्न जानेहरू मूलि सहरबाट जान्छन्। खराब बाटोमा एक दिन बसमा यात्रा गरेर, फेरि दुई दिन घोडामा यात्रा गरेर त्यसपछि फेरि पनि हिँडेर मात्र यहाँ पुग्न सकिन्छ।'

सीशिङ् भन्ने शब्दको अर्थ 'फलामे मानिसहरू' हो। यिनीहरूलाई पनि तिब्बतीहरूको सूचीमा राखिएका छ।

सीशिङ् जातिका मानिसहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्। धेरै घरहरूको अगाडि "ॐ मणि पद्मे हुँ" भन्ने तिब्बतीय मन्त्र खोपेको ढुङ्गाहरूको थुप्रो देख्न सकिन्छ। यो मन्त्रको अर्थचाहिँ "कमल फूलको मणिलाई स्तुति" हो। 'कमल फूल'को अर्थ बुद्ध भगवान् 'अवलोकितेश्वर' हो भनी कतिले मान्ने गर्छन्।

शिचुआनको मूलि जिल्ला संसारमा सुसमाचार इन्कार गरिएको ठाउँहरूमध्ये एउटा मुख्य ठाउँ हो। कुनै पनि मिशनरीहरू यिनीहरूको बीचमा सेवा गरेको खबर छैन। चिनिएको कुनै पनि मण्डली अथवा इसाईहरू यिनीहरूको बीचमा छैनन्। यिनीहरूको नजिकमा भएको इसाईहरू भनी हेर्‍यौं भने त्यो युन्नान प्रान्तको थोरै जनसङ्ख्या भएका इसाईहरू हुन्; तर यिनीहरू पनि यो विकट ठाउँबाट धेरै टाढा छन्।




**Population:**
2,780 (2000)
3,430 (2010)
4,200 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Shihing, Shuhin, Xumi, Shishing, Sumu

**जनसंख्या:**
चीन : ३,७००
(PeopleGroups.org)

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:** १००%


**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:**छैन

**सुसमाचारियरेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन



# पोयु तिब्बती (Tibetans, Boyu)



दरिद्रताले भरिएको कन्सु अञ्चलको खन्नान जिल्लाको पोयु गाउँमा पोयु तिब्बतीहरू बसोबास गर्छन्। यो ठाउँमा ३००० मिटर उचाइ भएको पहाडहरू छन्। पोयु गाउँ अग्लो पहाडहरू र भिरालो उपत्यकाहरूको बीचमा छ।

पोयु जातिका मानिसहरूको भाषा र संस्कृति अन्य तिब्बतीहरूको भन्दा भिन्नै छ। पोयु मानिसहरूको फूल टिप्ने चाड यो सानो ठाउँको एउटा विशेष चाड हो। यो चाड तिब्बती पात्रोअनुसार पाँचौँ महिनाको ५ गते मनाइन्छ।

फूल टिप्ने चाडको समयमा पोयु जातिका मानिसहरू लियन्सी भन्ने एउटा देवतालाई पूजा गर्छन्। यिनीहरूको बीचमा परम्परागत रूपमा बन्दै आएको कथाअनुसार पोयु मानिसहरू धेरै समयभन्दा अघि दरिद्रतामा जिएका थिए। यिनीहरूको यो अवस्थालाई देखेर दयाले भरेको भगवान्हरू स्वर्गबाट लियन्सी भन्ने एउटा जवान केटीलाई जमिन तयार गर्न र खेतीपाती गर्न र लुगा बुन्न सिकाउनको लागि पठाए। एक वर्षपछि उनी फूल टिप्न गइन् र फर्केर आइनन्, त्यसैले मानिसहरूले उनको लागि बलि चढाएर फूलहरूको देवता भन्ने नाम दिए।

ख्रीष्टियन एण्ड मिशन सोसाइटी एलायन्सले सन् १९४९ मा यिनीहरूको नजिकमा भएको मिन सियन भागहरूमा सेवा गरे तापनि अहिलेसम्म पोयुहरू उद्धार पाएका कुराहरू सुन्न आएको छैन। यहाँ सन् १८८९ मा पहिले आएको मिशनरीहरू विलियम क्रिस्टी, शिम्शोन, रवर्ट एकवाल, कारविन स्निडर र विलियम रलहरू हुन्।




**Population in China:**
3,000 (1997)
3,260 (2000)
4,200 (2010)
**Location:** Gansu
**Religion:** Polytheism
**Christians:** None Known

## संक्षेप:

**अन्य नामहरू:** Boyu

**जनसंख्या:**
चीन : ४,९००
(PeopleGroups.org)

**उपभाषाहरू:** ०

**धर्म:** बुद्ध धर्म, र बहुदेववाद


**इसाई धर्म:** ०%

**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारियरेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन







**Population:**
1,044,500 (2000)
1,282,000 (2010)
1,574,100 (2020)
**Countries:** China, India, Nepal, Bhutan, Switzerland, Taiwan, USA, Norway, France, Australia, United Kingdom, New Zealand
**Buddhism:** Tibetan
**Christians:** 200

## संक्षेप:

**जनसंख्या:**
चीन : १०,६५,०००
भारत : ९९,०००
नेपाल : २,५००
भुटान :४,५००
स्विट्जरल्यान्ड :८,१००
also found in Taiwan, USA, Norway, France, Australia, United Kingdom, New Zealand, Pakistan (PeopleGroups.org & Joshua Project)
**उपभाषाहरू:** ५
**बुद्ध धर्म:** ९८%
**इसाई धर्म:** ०.१%
**बाइबल:** छ
**येशू चलचित्र:** छ
**सुसमाचारियरेकर्डिङ:** छ
**ख्रीष्टिय प्रसारण:** छैन

सुसमाचारको अवस्था




करिब १०,६५,००० जना मध्य–तिब्बतीय भाषा बोल्ने मानिसहरू ल्हासा र त्यसको वरिपरि भएको जिल्लाहरूमा बसोबास गर्छन्। यो सहर विगतका शताब्दीहरूमा पर्यटकहरूले खोज्ने कुनै पनि सुन्दरता नभएको सहर थियो। यो ठाउँ फोहोरले भरिएको गल्लीहरू, याकको हड्डीहरू र छालाहरूलाई खाँदै गरेको कुकुरहरू, र चीलहरूले भरेको थियो; तर वर्तमान समयहरूमा एकदमै सुन्दर र सफा सहरको रूपमा परिवर्तन भएको छ।

तिब्बतीहरू सबै एउटै जाति हो र आफ्नो बीचमा कुनै पनि जातीय विभाजन छैन भनी मान्छन्, र जातिको रूपमा छुट्याउने कुरालाई विरोध गर्छन्, तापनि तिब्बतको नागरिकताले यिनीहरूलाई भाषाको आधारमा विभिन्न जातिको रूपमा छुट्याएको छ। मध्य–तिब्बती भाषामा पाँच वटा प्रान्तीय बोलीहरू छन्।

तिब्बतीय बुद्ध धर्म तिब्बतीहरूलाई जीवन दिने रगतको रूपमा छ। तिब्बतीय बुद्ध धर्म मन्त्र तन्त्र, मरिसकेको मानिसहरूको आत्मालाई पूजा गर्नु र बलि चढाउनु भन्ने कुराहरूलाई आधारको रूपमा मानेको बोन धर्मसँग मिसिएको धर्म हो।

धेरै वर्षहरूदेखि नै तिब्बत राष्ट्र इसाईत्वको एउटा चुनौतीको रूपमा रहँदै आएको छ। "तिब्बतमा




गएर मानिसहरूलाई उद्धारमा डोऱ्याउनुचाहिँ सिंहको गुफाभित्र गएर त्यसको बच्चालाई खोस्नु सरह हो भनी हड्सन टेइलरले भन्नुभएको छ। आजको दिनहरूमा एक अथवा दुई वटा सङ्गतिहरू गुप्त रूपमा ल्हासामा चलिरहेका छ। तिब्बतीहरूको बीचमा सुसमाचार सुनाउन प्रयास गर्ने चिनियाँ इसाईहरूले, लामाहरूको कठोर विरोधलाई सामना गर्न परिरहेको छ। सन् १९८८ देखि यता कम्तीमा पाँच जना सुसमाचार प्रचारकहरू ढुङ्गाले हानेर मारिए।"




ग्यत्चे  दरबार




ग्यत्चे गुम्बा नजिको बाटो




७२ कि.मि. लम्बाइ भएको एम्ड्रोक ताल (ल्हासा नजिक)




ब्रह्मपुत्र नदी , ल्हासा

# केसङ् तिब्बती (Tibetans, Gtsang)








**Population:**
661,200 (2000)
814,900 (2010)
1,004,400 (2020)
**Countries:** China, Nepal, India
**Buddhism:** Tibetan
**Christians:** 50

करिब ७,६६,००० जना तिब्बतीहरू केसङ् उप–भाषाको समूहमा पर्ने भाषा बोल्दछन्। यिनीहरू पूर्वदेखि पश्चिमसम्म झन्डै तिब्बत–नेपाल सिमानाभरि नै ठूलो भू–भागमा बसोबास गर्छन्। केसङ् भाषा तिब्बतको दोस्रो र तेस्रो ठूलो सहरहरू शिगात्से र ग्यत्वे सहरहरूमा प्रयोगमा छ। ग्यत्वेमा 'रप्तेन कुसङ्ग फापा'ले बनाएको बुद्ध मन्दिर एउटा मुख्य ठाउँ हो। सन् १६१८ देखि १६४२ सम्म तिब्बतको राजधानीको रूपमा रहेको शिगात्से पञ्चन लामाको वासस्थान पनि हो। निङ्वा, काग्युपा र शाक्य जस्तै धेरै बुद्ध धर्मको वासस्थान ग्यत्वेमा छ। सन् १९८९ मा पञ्चन लामाको मृत्यु पछाडि चीनको सरकारले एउटा नयाँ पञ्चन लामालाई त्यो ठाउँमा राखेको छ।

जेसुट (Jesuit) मिशनरी एन्टोनियो डी एण्ड्रेड्ले साधुको भेष धारण गरेर सन् १६२४ मा तिब्बतभित्र प्रवेश गर्नुभयो। एन्टोनियो चनाखो भएर कठोर स्थानीय अधिकारीहरूलाई पार गरेर उत्तरमा रहेको हिमालतिर यात्रा गर्नुभयो। धेरै उचाइमा हुने रोगहरू र हिउँले हुने अन्धोपनहरूसँग लडेर १७,९०० फुट बाटो काटेर तिब्बतमा प्रवेश गरेर सपरङ्ग पुग्नुभयो। आफ्नो भक्तिद्वारा राजा र रानीलाई छक्क पार्नुभयो, र उनीहरूले उहाँलाई फेरि आउन र एउटा कार्यस्थल स्थापना गर्न र सुसमाचार प्रचार गर्न अनुमति दिए। सन् १६३५ मा भएको एउटा कलहले जेसुटको सेवालाई अन्त गर्‍यो। अहिलेको दिनहरूमा थोरै मात्र केसङ् इसाईहरू छन्।

**संक्षेप:**
**अन्य नामहरू:** Xigatse Tibetans, Xigatze Tibetans, Xigatze, Gyantse, Sagya, Tsang, Xigaze Tibetans
**जनसंख्या:**
चीन : ७,६६,०००
भुटान : ९००
(Joshua Project)
**उपभाषाहरू:** १०
**तिब्बती बुद्ध धर्म:** ९९%
**इसाई धर्म:** ०.१%
**बाइबल:** छ
**येशू चलचित्र:** छ
**सुसमाचारिय रेकर्डिङ:** छ
**ख्रीष्टिय प्रसारण:** छैन






**Population:**
100,200 (2000)
123,400 (2010)
152,000 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 200

करिब १,५०,००० जना चोनी जातिका मानिसहरू चीनको कन्सु प्रान्तको दक्षिण-पश्चिमी भागमा भएको लिन्थन र चोनी जिल्लाहरूमा साथै त्यहाँबाट पूर्वमा खन्नान स्वायत्त शासन अञ्चलमा भएको पावा भू-भागमा बसोबास गर्छन्। शिचुआन प्रान्तको उत्तरी भागमा पनि चोनीहरू थोरै सङ्ख्यामा छन्। ताहू नदी चोनी जिल्ला हुँदै बग्दछ।




## संक्षेप:

**अन्य नामहरू:** Choni, Chona, Chone, Jone, Cone, Choni Tibetan, Zhuoni Tibetan, Sangemao, Sangemao Tibetans

**जनसंख्या:**
चीन : १,५०,००० (PeopleGroups.org)

**उपभाषाहरू:** २ (Nongqu, Hebian)

**तिब्बती बुद्ध धर्म:** ९५%

**इसाई धर्म:** ०.२%

**बाइबल:**छैन

**येशू चलचित्र:**छैन


**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन

सन् १९२८ मा जोसेप रकले चोनी तिब्बतीहरू भएको कुरालाई पत्ता लगाउनुभयो। उहाँले यसरी लेख्नुभयो: "३० करोड चिनियाँहरू जसरी नै मैले पनि चोनी जातिको बारेमा पहिले केही जानेको थिएन। चीन सरकारले यिनीहरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएको छ।

चोनी भू-भागमा विगतको आफ्नो सम्पन्नताको समयमा १७२ वटा कोठा र ३,८०० जना लामाहरू रहने एउटा ठूलो बुद्ध मन्दिर थियो। यिनीहरूको घरहरूले यिनीहरूको भक्तिको साक्षी दिन्छन्, स्वागत कोठाको दाहिनेपट्टि पूजाको लागि छुट्याइएको एउटा भागमा रेसम लुगाले बनाएर हातमा धनु र तीर भएको एउटा मूर्ति र धर्मग्रन्थहरू र पूजाको लागि आवश्यक पर्ने चिजहरू राखेको हुन्छ।

सन् १९२२ मा एउटा मिशनको प्रतिवेदनले यसरी बताएको थियो: 'चोनीको राजकुमारले ४८ वटा कुलहरूलाई शासन गर्नुहुन्छ; यो राजकुमार मिलनसार स्वभावको भएकोले हामीले सबै कुलहरूको बीचमा सजिलैसँग जान सकिन्छ। उहाँले हामीलाई सुरक्षा दिनुहुन्छ..... सेवा गर्ने मानिसहरू पाएको खण्डमा हामी भएको ठाउँदेखि पश्चिमतिर अगाडि बढ्न सकिन्छ।' आजको समयहरूमा करिब २०० जना चोनी इसाईहरू चोनी जिल्लाको उत्तर पश्चिम भागमा रहेको लिन्थन जिल्लामा छन्। कन्सु प्रान्तको पहिलो स्थानीय मण्डली सन् १९९७ मा बनिएको थियो। 'एक जना स्त्रीले आफ्नो कपाल बेचेर र अर्को परिवारले आफ्नो टेलिभिजनलाई बेचेर मण्डली बनाउन सहायता गर्नुभयो।'



# न्ङारी तिब्बती (Tibetans, Nghari)




करिब ७४,५०० जना न्ङारी भाषा बोल्ने मानिसहरू तिब्बतको मध्य भागहरूमा बसोबास गर्छन्। न्ङारी अञ्चल उत्तरी भागमा समुद्रको उचाइदेखि ४,५०० मिटर उचाइमा छ। यो भू-भागको क्षेत्रफल ३,००,६००० घन किलोमिटर हो। नेपालको उत्तरी भागमा पनि थोरै सङ्ख्यामा न्ङारीहरूको बसोबास छ।

न्ङारीमा बसोबास गर्ने तिब्बतीहरूलाई चङ्ताङ् भन्ने अर्को नाम पनि दिएको छ। प्रायः सबै न्ङारीहरू कठोर जाडोसँग लड्दै जीवन बिताउने सरुवा गोठालाहरू हुन्। विगतको १,००० वर्षहरूभित्र यिनीहरूको जीवनशैलीमा थोरै परिवर्तनहरू देखिएका छन्; आजसम्म पनि यिनीहरू थोरै यन्त्रहरू र प्रविधिहरूलाई मात्र प्रयोग गर्छन्।

प्रायः तिब्बतीहरूले मन पराउने अन्त्येष्टिचाहिँ 'आकाशे अन्त्येष्टि' हो। यो अन्त्येष्टिमा लास टुक्रा टुक्रा पारेर गिद्धहरू र कागहरूलाई खानको लागि चट्टानमा छोडिदिन्छन्।


अरू सबै तिब्बतीहरू जसरी नै यिनीहरू पनि बुद्ध धर्मलाई पछ्याउँछन्, साथै मन्त्र तन्त्र गर्नु पनि प्रयोगमा छ।

पहिलो तिब्बतीय मण्डली सन् १७२६ मा ल्हासामा जेसुट मिशनरीहरूद्वारा बनाइएको थियो। मण्डलीमा २० जना बप्तिस्मा लिएका विश्वासीहरू र ६० जना बप्तिस्मा नलिएका विश्वासीहरू थिए। सन् १७४२ को अप्रिल महिनामा पु छिरिङ भन्ने नयाँ विश्वासीले दलाई लामाको अगाडि साझा रूपमा दण्डवत् गर्न इन्कार गरे। यो घटनाले सहरमा ठूलो कलह उत्पन्न गरायो। १२ जना इसाईहरूलाई २० पल्ट कोर्राले हानियो, मिशनरीहरू भागेर नेपाल गए। मण्डली भवनको घण्ट बाहेक बाँकी सबै भवन ध्वस्त पार्‍यो। आजको दिनहरूमा चिनिएको न्ङारी इसाईहरू कोही पनि छैन।




**Population:**
49,900 (2000)
61,500 (2010)
75,700 (2020)
**Countries:** China, Nepal
**Buddhism:** Tibetan
**Christians:** none known

**संक्षेप:**
**अन्य नामहरू:** Nghari, Ngharis, Mngharis, Drokpa, Drokwa, Drokba, Chang Tang Tibetans, Chang Tang Nomads
**जनसंख्या:**
चीन : ७४,५००
Also found in Nepal
(PeopleGroups.org)
**उपभाषाहरू:** ७ (Rutog, Gartok, Zamda, Burang, Coqen, Gerze, Xigaze)
**तिब्बती बुद्ध धर्म:** १००%
**इसाई धर्म:** ०%
**बाइबल:** छ
**येशू चलचित्र :** छ
**सुसमाचारियरेकर्डिङ:** छ
**ख्रीष्टिय प्रसारण:** छैन







**Population:**
74,800 (2000)
92,100 (2010)
113,500 (2020)
**Countries:** China, Switzerland
**Buddhism:** Tibetan
**Christians:** 2,000

## संक्षेप:

**अन्य नामहरू:** Tibetan: Zhongdian, Zhongdian Tibetans, Chung-tien Tibetans, Chongtien, Rgyalathang
**जनसंख्या:**
चीन : १,०४,०००
(Joshua Project)
**उपभाषाहरू:** ७ (Rutog, Gartok, Zamda, Burang, Coqen, Gerze, Xigaze)
**तिब्बती बुद्ध धर्म:** ९५%
**इसाई धर्म:** २.६%
**बाइबल:** केही भागहरू सन्१८६२, नयाँ करार सन् १८८५, तिब्बती बाइबल सन् १९४८
**येशू चलचित्र:** छ
**सुसमाचारियरेकर्डिङ:** छ
**ख्रीष्टिय प्रसारण:** छैन




खम(खम्पा) भाषा बोल्ने करिब १,०४,००० जना तिब्बतीहरू युन्नान प्रान्तको उत्तर-पश्चिमी भागमा भएको शाङ्ग्रि-ला (पुरानो नाम चोङ्तीयन), वेईशी र लिचियाङ् जिल्लाहरूमा बसोबास गर्छन्। कुनै शाङ्ग्रि-ला तिब्बतीय परिवारहरू स्विजरल्याण्डमा पनि बसाइँ सरेका छन्।

प्रायः शाङ्ग्रि-ला तिब्बतीहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्। सयौँ लामाहरू भएको ठूलो चियथङ् सोङ्लीन बुद्ध गुम्बा शाङ्ग्रि-ला सहरको नजिक उत्तरमा छ।

धेरैले तिब्बतीहरू सुसमाचारबाट पूर्ण रूपमा वञ्चित भएका जाति भनी सोचे तापनि चीनको प्रान्तहरूमा बसोबास गर्ने शाङ्ग्रि-लाहरूको बीचमा उल्लेखनीय क्याथोलिक इसाईहरूको सङ्ख्या छ। यिनीहरूको इतिहास सन् १८५२ मा सुरु भयो। पेर रेणु भन्ने एउटा साहसपूर्ण मिशनरी युन्नान प्रान्तमा आइपुगेर त्यहाँबाट उत्तर-पश्चिमी कुनातिर अगाडि बढ्नुभयो। चोङ्तीयनदेखि तेन्छी जाने बाटोको तीन भागमा दुई भाग पार गर्दै खम्पा जातिको तोङ्चुलिन बुद्ध गुम्बामा आइपुग्नुभयो। जवान पादरीले चिनियाँ व्यापारी जस्तो भेष लगाएर दलाई लामालाई साथी बनाउनुभयो। पेर रेणु र उहाँको साथीहरूद्वारा धेरै तिब्बतीय गाउँहरूमा मण्डलीको स्थापना भयो। आज पनि फ्रान्सेली तरिकामा




बनाएको एउटा ठूलो क्याथोलिक मण्डली भवन वेईशीको नजिक च्रोन्त्युमा छ। सेइन्ट बेरनार्ड क्याथोलिक उप-भागको पादरीहरूले क्लुनी सिस्टर्स अफ सेइन्ट जोसेप उप-भागको ननहरू (इसाई भिक्षुणी) सँग मिलेर एउटा मिशन विद्यालय चलाउनुभयो; यो विद्यालयमा सिक्किम, नेपाल, भुटान र तिब्बतको बच्चाहरू अध्ययन गरे। आजको दिनहरूमा यहाँको क्याथोलिक पादरीले ७,५०० जना दक्षिणी खम्पाहरू र २,००० जना शाङ्ग्रि-लाहरूको बिचमा पादरी भएर सेवा गर्दै हुनुहुन्छ।

# शन्यन तिब्बती (Tibetans, Shanyan)




शिचुआन प्रान्तको वैयु जिल्लामा भएको शन्यन क्षेत्रमा कम्ती मात्र चिनिएको २६,००० जना शन्यन जातिका मानिसहरू बसोबास गर्छन्। चीन सरकारले शन्यन तिब्बतीहरूलाई अन्य तिब्बतीहरूबाट नछुटयाए तापनि वैयु जिल्लामा सन् १९९० मा भएको जनगणनाअनुसार ३९,५४३ जना मानिसहरू बसोबास गर्थे; त्यसमा ३६,५९१ जना तिब्बतीहरू हुन्; यसमा प्रायः मानिसहरू शन्यन तिब्बतीहरू हुन्। शन्यन भन्ने शब्दको अर्थ 'कठिन भू–भाग' हो। शन्यन तिब्बतीहरूकहाँ पुग्न शिचुआन प्रान्तको पश्चिम कुनामा भएको लिताङ्लाई पार गरेर पातङ् पुग्नुपर्छ। यहाँ पुग्नको लागि सदरमुकाम छङ्दुबाट केही दिनहरू लाग्छ। छङ्दुदेखि वैयु पुग्नको लागि बसहरू छन्, तर पहिरोले गर्दा बाटो घरीघरी बन्द हुन्छ। वैयुबाट शन्यन जाने ५६ किलोमिटरको यात्रा अझै धोका दिने खालको छ। घोडामा सवार गर्दै जङ्गलहरू हुँदै चट्टानहरूलाई पार गर्दै ५,००० मिटर उचाइ भएको तलोङ् पहाडलाई पार गरेर जानुपर्छ।

शन्यन तिब्बतीहरू यो भू–भागमा बसोबास गर्ने खम्पा तिब्बतीहरूबाट संस्कृति, भाषा र जातिसम्बन्धी कुराहरूमा फरक छन्। शन्यन तिब्बती दोर्जी वाङ्सोङले आफ्नो पुर्खाहरूको बारेमा बताउँदा भन्नुभयो: 'हामी यर्लुङ् छङ्बो नदीको पश्चिम भागमा, अहिलेको समयहरूमा न्ङारी भन्ने नाम भएको ठाउँबाट आएका हौँ। हामी तिब्बतीहरू हौँ, स्थानीय खम्पाहरू होइनौँ; अहिलेसम्म ४० देखि ५० पुस्ताहरू यहीँ नै बितिसकेका छन्। सन् १९५० सम्म २०,००० जना जनसङ्ख्या भएको १८ वटा कुल थियो।'

प्रायः शन्यन तिब्बतीहरू निमा बुद्ध धर्मलाई पछ्याउनेहरू हुन्। अरू ठाउँमा बसोबास गर्ने तिब्बतीहरू जस्तै यिनीहरू मन्त्र पाठ गर्नको लागि लामाहरूलाई बोलाउँदैनन्, त्यसको सट्टामा रक्सी पिएर आफै गर्छन्।

शन्यन तिब्बतीहरू सुसमाचार नसुनेकाहरू हुन्। बुद्ध धर्मलाई पछ्याउने जातिहरूमध्ये यिनीहरू एउटा चुनौतीको रूपमा रहँदै आएका छन्।




**Population:**
20,000 (2000)
24,600 (2010)
30,300 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

**संक्षेप:**

**अन्य नामहरू:** Shanyan

**जनसंख्या:**

चीन : २६,०००

(Joshua Project)

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:**१००%

**इसाई धर्म:** ०%


**बाइबल:** छैन

**येशू चलचित्र:**छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन

**सुसमाचारको अवस्था**






**Population in China:**
29,500 (1987)
38,300 (2000)
47,300 (2010)
**Location:** Gansu
**Religion:** Polytheism
**Christians:** None Known

कन्सु प्रान्तको खान्नान अञ्चलको चुक्छ्यु जिल्लामा ५७,००० जना चुक्छ्यु तिब्बतीहरू बसोबास गर्छन्। चीनमा बसोबास गर्ने तिब्बतीहरू मध्य-पूर्वको कुनामा बसोबास गर्ने जाति यही नै हो। बाइलोङ् नदी यिनीहरू बसोबास गर्ने चुक्छ्यु जिल्ला हुँदै बग्दछ।

चुक्छ्यु तिब्बतीहरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएको छ।

चुक्छ्यु तिब्बतीहरू धेरै भगवान्हरूलाई पुज्ने गर्छन्। बुद्ध धर्मभन्दा अगाडि यिनीहरूले पछ्याएको बोन धर्ममा सबै पहाडहरू पवित्र छन् भन्ने एउटा विश्वास छ। अग्लो पहाडहरूमा शक्तिशाली भूतहरू बसोबास गर्छन् भनी यिनीहरू विश्वास गर्छन्। शान्ति, सुरक्षा, उन्नति, प्रशस्त कटनी र धेरै भेडा-बाख्रा जस्ता इच्छाहरू पूरा हुन यिनीहरू पहाडको भगवान्हरूलाई पूजा गर्छन्।

चुक्छ्यु तिब्बतीहरू सुसमाचारबाट वञ्चित भएकाहरू हुन्। यो जातिमा थोरै मानिसहरूलाई मात्र इसाईत्व भन्ने एउटा विश्वास छ भनी थाहा छ। यो भू-भागमा कुनै पनि इसाई समाजहरू छैनन्, र यिनीहरूको इतिहासभरि नै यिनीहरूको बीचमा मिशन काम भएको कुराको लागि केही आधारहरू छैन।




## संक्षेप:

**अन्य नामहरूः** Zhugqu, Hbrugchu, Zhouqu Tibetan, Chou-ch'ua Tibetan, Brugchu

**जनसंख्या:**
चीन : ५७,०००
(PeopleGroups.org)

**उपभाषाहरू:** ०

**धर्म:** तिब्बती बुद्ध धर्म, बहुदेववाद, र बोन


**इसाई धर्म:** ०%

**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारियरेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन



# तिनन (Tinan)




करिब ६,५०० जना तिनन भाषा बोल्ने मानिसहरू हिमालको बीच भागमा रहेका भारत र चीनको सिमानाको दुवैतिर नै बसोबास गर्छन्। यिनीहरू ७,००० सम्म उचाइ भएको पहाडहरूको भिरालो भागहरूमा बसोबास गरिरहेका छन्। करिब २,९०० तिनन जातिका मानिसहरू हिमाचल प्रदेश प्रान्तको उत्तरी भागमा भएको चन्द्र–भागा उपत्यकाको तल्लो भागमा भएको स्पिति र लाहौल जिल्लाहरूमा छन्। भारतमा मुख्य तिनन गाउँ घोध्ला हो। एउटा पुरानो विवरणअनुसार ३,००० देखि ३,५०० जनासम्म तिननहरू तिब्बतको पश्चिमी भागमा छन् ।

चीनमा तिब्बतीहरू भनी चिनिने तिननहरू, लाहुली र भोटिया भन्ने नाममा पनि चिनिन्छन्। भारतमा सरकारले स्वीकार गरेको लाहौला भन्ने जनजातिमा यिनीहरू पर्छन्।

प्रायः तिननहरू बुद्ध धर्मलाई पछ्याउँछन्, तर कुनै परिवारहरूले हिन्दु धर्मलाई पनि स्वीकार गरेका छन्। उत्तर–भारतमा बुद्ध धर्मको शक्ति प्रायः तिनन मानिसहरूको उन्नति र दयामा भर परेको छ। यिनीहरू मानिसहरूलाई र बुद्ध गुम्बाहरूलाई उदार चित्तले दिनुबाट पाउने पुण्यद्वारा आफू आत्मिक जीवनमा सुरक्षित रहन सक्छ भनी विश्वास गर्छन्।

भारतमा तिननहरूको बीचमा केही इसाईहरू छन्, तर तिब्बतमा भने कोही पनि छैन। तिननहरूको बीचमा थोरैले मात्र सुसमाचार सुनेका छन्। चार्ल्स गत्स्लाफले मुरावीहरूलाई तिब्बतमा मिशन काम गर्न चुनौती दिँदा लाहुलिमा मिशन काम सुरु भयो। पहिलो मिशनरीहरू भएको ए.डब्ल्यु. हैड् र इ. पेजल तिब्बतको क्यालङ्ग गाउँमा आएर बसे। बाइबलको केही भागहरू सन् १९०८ मा तिनन भाषामा अनुवाद भयो, र सन् १९१५ को पछि त्यसलाई छाप्ने काम भएन। तिनन भाषामा सुसमाचारीय रेकर्डिङहरू अहिलेको समयहरूमा पाउन सकिन्छ।





**Population:**
29,350 (2000)
34,400 (2010)
40,300 (2020)
**Countries:** India, China
**Buddhism:** Tibetan
**Christians:** 20

## संक्षेप:

**अन्य नामहरू:** Lahuli Tinan,Lahuli, Bhotia of Lahul, Lahauli, Lahouli, Rangloi, Gondla, Tinani, Teenan, Gondhla, Lahaula

**जनसंख्या:**
चीन : ३,२००
भारत : २,९००
(Joshua Project)

**उपभाषाहरू:** ०
**तिब्बती बुद्ध धर्म:** ८०%
**इसाई धर्म:** ०.१%
**बाइबल:** केही भागहरू सन् १९०८
**येशू चलचित्र:**छ
**सुसमाचारिय रेकर्डिङ:** Lahouli Tinan
**ख्रीष्टिय प्रसारण:** छैन






**Population:**
11,160 (2000)
13,750 (2010)
16,900 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 5

**संक्षेप:**

**अन्य नामहरू:** Hsiangcheng, Qagcheng Tibetan, Phyagphreng

**जनसंख्या:**
चीन : १६,५००
(PeopleGroups.org)

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:** ८५%

**इसाई धर्म:** ०.१%

**बाइबल:** छैन

**येशू चलचित्र:**छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन


चीनको शिचुआन प्रान्तको दक्षिण–पश्चिमी भागमा भएको श्यङ्छङ् सहरको वरिपरि एउटा उपत्यकामा १६,५०० श्यङ्छङ् भाषा बोल्ने मानिसहरू छन्। यिनीहरूको भाषा छुट्टै छ र यिनीहरू ऐतिहासिक परम्परालाई पछ्याइरहेका छन्। यो भू–भाग धेरै विकट ठाउँमा छ।

चीन सरकारले यिनीहरूलाई छुट्टै जातिको रूपमा स्वीकार गरेको छैन; त्यसको सट्टामा यिनीहरूलाई तिब्बतीहरूको सूचीमा राखियो। यिनीहरू आफूहरूलाई नाशी र सुबी मानिसहरूको वंशबाट आएका तिब्बतीहरू हौँ भनी परिचय दिन्छन्। युआन राज परिवारबाट आएको कुब्लई खानको दक्षिणतिरको आक्रमणमा धेरै सुबी जातिका मानिसहरूलाई श्यङ्छङमा ल्याएर बसोबास गर्न लगाए।

श्यङ्छङ्हरू कठोर रूपमा बुद्ध धर्मलाई पछ्याउँछन्। यो कुराको गवाहीको रूपमा यहाँ धेरै वटा बुद्ध गुम्बाहरू छन्।

बुद्ध धर्ममा भएको कठोर विश्वास र भौगोलिक अवस्थाले यिनीहरूलाई चीनमा भएको मानिसहरूको बीचमा सुसमाचार नसुनेका एउटा मुख्य जातिको रूपमा बनाए तापनि कुनै वर्षहरू अघि एक जना जवान मानिस उद्धार पाएर बाइबल धर्मशास्त्रलाई अझै बुझ्न कुनमिङ्ग सहरमा गए। यो जवान मानिसले आफ्नो जातिका मानिसहरूलाई ख्रीष्टमा डोऱ्याउन तीव्र इच्छा भएको एउटा जोशिलो चेला भनी आफैलाई प्रमाणित गराएर देखाएका थिए।



# योङ्ची (Yonzhi)

उत्तर-पश्चिमी चीनमा भएको चिङ्हाइ प्रान्तको सम्पर्क गर्न गाह्रो हुने विकट ठाउँमा सरुवा गोठालाको रूपमा जिउने ४,२०० जना योङ्ची जातिका मानिसहरू बसोबास गर्छन्। तिब्बतीय भाषामा चेप्चु भनिने सहरको नजिक रहेको हेहा छेन उपत्यका यिनीहरूको मुख्य वासस्थान हो। योङ्चीहरू वास गर्ने भू-भाग पहेँलो नदीको पूर्वमा भएको कोङ्ह जिल्लामा छ। सबै तिब्बतीहरूले पवित्र मान्ने मनोहर आनी माचेन हिमशृङ्खला योङ्चीहरू वास गर्ने ठाउँको पूर्वतिर छ। यो हिमशृङ्खलाको अग्लो शिखर माचेन गाङरी (६,२८२ मिटर) हो।




कयौँ शताब्दीहरू बिते तापनि योङ्ची जाति विकट ठाउँमा वास गरेर थोरै मात्र परिवर्तन भएको एउटा जाति हो। चीनको सरकारले यिनीहरूलाई छुट्टै जातिको रूपमा स्वीकार नगरी तिब्बतीहरूको सूचीमा राखेको छ। यिनीहरूलाई कोलो जातिको उप-भाग भनी मानिन्छ।

तिब्बतीय बुद्ध धर्मको साथ योङ्चीहरू पहाडी भगवान् आनी माचेनलाई पनि पुज्दछन्। आनी माचेन पर्वतमा त्यही नाम भएको एउटा भगवान् छ भनी यिनीहरू विश्वास गर्दछन्। यो भगवान्लाई दाहिने हातमा सूर्य र इन्द्रेणी, अनि देब्रे हातमा चन्द्रमालाई बोकेर सेतो घोडामा सवार गरिरहेको जस्तै वर्णन गरिन्छ। सबै तिब्बतीहरू यो भगवान्लाई मान्दछन्, र सबै बुद्ध गुम्बाहरूमा यो भगवान्को मूर्ति अथवा नक्सा हुन्छ।

योङ्ची जातिका मानिसहरू चीनमा उद्धार नपाएको एउटा जाति हो। यिनीहरू बसोबास गर्ने भू-भाग ६ महिनासम्म हिउँले ढाकेर -४० डिग्री तापक्रममा रहन्छ। योङ्चीहरू घरीघरी आफ्नो पाल र गाईबस्तुहरूसँग ठाउँ सर्दछन्। यिनीहरूको समाजमा पैदल यात्रा अथवा घोडा सवारद्वारा मात्र पुग्न सकिन्छ। योङ्चीहरूको लागि सुसमाचार एउटा नसुनेको सन्देशको रूपमा रहँदै आएको छ।




**Population:**
3,270 (2000)
4,030 (2010)
4,950 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:**

**जनसंख्या:**

चीन : ४,२००

(Joshua Project)

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:** ६०%


**इसाई धर्म:** ०%

**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन






तिब्बतीय ठूलो भान्साघर

# छपा (Zhaba)




इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार ३१,००० छपा जातिका मानिसहरू चीनमा छन्। यिनीहरू शिचुआन प्रान्तको पश्चिमी भागमा भएको कर्चे तिब्बतीय स्वायत्त शासन अञ्चलमा भएको याच्याङ् र ताव्फु जिल्लाहरूमा बसोबास गर्छन्। यो भू–भाग चीनले शिचुआन प्रान्तसँग जोड्नुभन्दा अघि तिब्बतको खम प्रान्त थियो। ताव्फु जिल्लाको केन्द्र छपा सहर हो; यस जिल्लामा ५,२०० जना मानिसहरू बसोबास गर्छन्। सन् १९९७ मा सरकारले वातावरणमा भएको असरको कारण काठ कारखानाहरूलाई बन्द गरिदियो; त्यो समयदेखि यिनीहरू विद्युत र टेलिफोनविना जिइरहेका छन्। काठ कारखानाहरू धेरै लाभ दिने खालको थियो। त्यो बन्द हुँदा त्यसको साथ–साथै सुविधाहरू पनि बन्द भयो। छपा जातिका मानिसहरू संस्कृतिअनुसार तिब्बतीहरू भए तापनि अरू तिब्बतीहरूले बुझ्न नसक्ने गरी यिनीहरूको भाषा तिब्बतीय बर्मिय भाषा परिवारको शियाङ्ग उप–भागमा पर्दछ।

छपा जातिका मानिसहरू विभिन्न प्रकारको भूतहरू र आत्माहरूलाई पुज्दछन्। यो बोन धर्मबाट आएको प्रभाव हो। छपा सहरको उत्तर भागमा एउटा बोन मन्दिर छ, र यहाँ जतिखेर पनि ३० जना लामाहरूलाई पाउन सकिन्छ। हरेक छपा गाउँको एउटा छुट्टै मन्दिर हुन्छ; साथै विशेष दिनहरूमा पूजा गर्न एउटा छुट्टै पवित्र पहाड पनि हुन्छ।

यिनीहरूको पश्चिमतिर लिताङमा कुनै क्याथोलिक इसाईहरू भए तापनि छपाहरूकै बीचमा भने कोही पनि इसाईहरू छैनन्।




**Population:**
20,900 (2000)
25,750 (2010)
31,700 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Zaba, Zhaboa, Buozi

**जनसंख्या:**
चीन : ३१,०००
(PeopleGroups.org)

**उपभाषाहरू:** २
(Western Zhaba, Eastern Zhaba)

**तिब्बती बुद्ध धर्म:** १००%

**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन

